# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

**टेवा चोक, हात्तीबन ललितपुरको**

**१५ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्ष श्री लब कुमार खड्काद्वारा प्रस्तुत आ.व. ०७८/०७९ को बार्षिक प्रगति प्रतिवेदन तथा आ.व. ०७९/८० को बार्षिक नीति तथा कार्यक्रम**

टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको १५औं बार्षिक साधारण सभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका प्रमूख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, लेखा सुपरीवेक्षण समितिका पदाधिकारीज्यूहरु, विभिन्न उपसमितिका साथीहरु, पत्रकार मित्रहरु, व्यवस्थापनका सम्पूर्ण कर्मचारी वर्गहरुका साथै यस समारोहमा उपस्थित हुनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा संस्थाको एवम् मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

## आदरणीय शेयर सदस्य महानुभावहरू,

२०६४ साल श्रावण १६ गते ६ जना महिला र ३४ जना पुरुष गरी ४० जना सदस्यहरुको भेला बाट प्रतिव्यक्ति एक एक लाख शेयर पूँजीबाट स्थापना भएको संस्थाले, कम पूँजी तथा निम्न आय भएका श्रमिक, किसान, साना व्यापारी, उद्यमी र सर्वसाधारणलाई सदस्यता प्रदान गरी सदस्यको आर्थिक जीवनस्तर उकास्ने काम गरेको छ । हाम्रो यस सहकारी संस्थाले आफ्ना शेयर सदस्यहरुलाई जन्मदेखि मृत्युपर्यन्त सेवा दिई रहेको छ, जसका कारण सहकारीले आफ्नो पहिचान स्थापित गर्न सफल भएको छ । तत्कालिन डिभिजन सहकारी कार्यालय ललितपुरमा २०६४ श्रावण १६ गते दर्ता भई २०६४ साल असोज १ गतेबाट कारोबार शुरुवात गरी अहिले हामी १५ औं वर्ष पुरा भई १६ औं वर्षमा संचालित छौं । डेढ दशक भन्दा लामो ईतिहास रचेको यस संस्था आज हामीहरु बीच गरिमामय संस्थाको रुपमा स्थापित भइसकेको छ । सदस्यहरुलाई सामाजिक, साँस्कृतिक र आर्थिक रुपमा समृद्ध बनाउने यस संस्थाको मुख्य उद्देश्य रहेको छ । यस संस्थाको कार्यक्षेत्र ललितपुर जिल्ला भित्रको ललितपुर महानगर पालिकाको वडा नं १ देखि वडा नं २९ सम्म, गोदावरी नगरपालिकाको वडा नं १ देखि वडा नं १४ सम्म र महालक्ष्मी नगरपालिकाको वडा नं १ देखि वडा नं ४ सम्म रहेको छ ।

गत वर्ष कोरोना महामारीका बाबजुद सदस्यहरुको उत्साहजनक उपस्थितिमा हामीले १४ औं वार्षिक साधारण सभा भव्यताका साथ सम्पन्न गऱ्यौं । त्यही साधारण सभाबाट हामीलाई आगामी ४ वर्षे कार्यकालको लागि निर्वाचित गरि महत्वपूर्ण जिम्मेवारी प्रदान गरिदिनु हुने सम्पूर्ण शेयर सदस्य महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाको दीर्घकालीन असर, आर्थिक मन्दी र वित्तिय बजारमा देखिएको तरलता संकटको तेहोरो मारका बीच हामी संस्थाको १५ औं वार्षिक साधारण सभामा उपस्थित भएका छौं । महामारी र वित्तिय संकटहरुलाई पन्छाउँदै प्रतिकूल वातावरणका बीच पनि हामीले नतिजालाई अनुकूलतामा बदल्न सफल भएका छौं । जस्तो सुकै कठिन परिस्थितिमा पनि हामी सदस्यहरुको साथ र सहयोगबाट आफ्ना नियमित गतिविधिलाई अगाडि बढाईरहेका छौं ।

हाम्रो यस टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड को आ.ब. २०७८/०७९ सम्ममा कुल कारोवार १ अर्ब ४२ करोड ६९ लाख ३५ हजार ५ सय ९८ रुपैया ७६ पैसा रही समुदायको उत्कृष्ट सहकारीको रुपमा स्थापित हुन सफल भएको छ । सहकारी सिद्धान्त, मूल्य, मान्यतालाई आत्मसात गरी सहकारी ऐन, नियमावली, नीति, निर्देशनहरुको परिपालना गर्दै सेवा प्रदान गर्दै आईरहेका छौं । हाल सम्म १ प्रारम्भिक साधारण सभा र १४ बार्षिक साधारण सभा सम्पन्न गरी अहिले १५ औं बार्षिक साधारण सभाको पूर्व सन्ध्यामा छौं । यस संस्थाको यो सभा अत्यन्त महत्वपूर्ण र आफैमा गरिमामय छ ।

## आदरणीय शेयर सदस्य महानुभावहरू,

अब म, संस्थाले आ.ब.२०७८/०७९ मा संस्थाले गरेको प्रगति विवरणहरुलाई यहाँ बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### १. साधारण सभा :

संस्थाको चौधौं वार्षिक साधारण सभा २०७८ पौष २४ गते शनिबारका दिन हात्तीवन स्थित हात्तीवन व्याङक्वेट मा सम्पन्न गरिएको थियो ।

हाल सम्म सम्पन्न साधारण सभाहरुको विवरण :

| क्र.सं. | साधारण सभा | मिति |
|---|---|---|
| १ | प्रारम्भिक साधारण सभा | २०६४ असोज १९ गते, शनिबार |
| २ | प्रथम वार्षिक साधारण सभा | २०६५ पौष ०५ गते, शनिबार |
| ३ | दोस्रो वार्षिक साधारण सभा | २०६६ मंसिर २७ गते, शनिबार |
| ४ | तेस्रो वार्षिक साधारण सभा | २०६७ पौष ०३ गते, शनिबार |
| ५ | चौथो वार्षिक साधारण सभा | २०६८ कार्तिक १९ गते, शनिबार |
| ६ | पाँचौं वार्षिक साधारण सभा | २०६९ मंसिर २३ गते, शनिबार |
| ७ | छैठौं वार्षिक साधारण सभा | २०७० असोज ०५ गते, शनिबार |
| ८ | सातौं वार्षिक साधारण सभा | २०७१ मंसिर २७ गते, शनिबार |
| ९ | आठौं वार्षिक साधारण सभा | २०७२ असोज १६ गते, शनिबार |
| १० | नवौं वार्षिक साधारण सभा | २०७३ असोज ०८ गते, शनिबार |
| ११ | दशौं वार्षिक साधारण सभा | २०७४ भाद्र ३१ गते, शनिबार |
| १२ | एघारौं वार्षिक साधारण सभा | २०७५ असोज २० गते, शनिबार |
| १३ | बाह्रौं वार्षिक साधारण सभा | २०७६ असोज ०४ गते, शनिबार |
| १४ | तेह्रौं वार्षिक साधारण सभा समापन कार्यक्रम | २०७७ असोज ३० गते, शुक्रबार |
| १५ | चौधौं वार्षिक साधारण सभा | २०७८ पौष २४ गते, शनिबार |

### २. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा अन्य उपसमितिहरूको बैठक सम्वन्धमा:

आ.व. २०७८/०७९ भित्र विविध कार्यक्रमको प्रभावकारिताको लागि संस्थाले निम्न बमोजिमको बैठक बसी नीतिगत विषयमा निर्णय लिइयो ।

| क्र.स. | बिवरण | बैठक संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति | २३ |
| २. | लेखा सुपरिवेक्षण समिति | ७ |
| ३. | सञ्चालक र लेखा सुपरिवेक्षण समिति संयुक्त बैठक | ५ |
| ४. | सञ्चालक, लेखा सुपरिवेक्षण र सल्लाहकार संयुक्त बैठक | १ |

| | | |
|---|---|---|
| ५. | शिक्षा उप-समिति | १ |
| ६. | ऋण उप-समिति | १८ |
| ७. | महिला उप-समिति | २ |
| ८. | स्वास्थ्य हितकोष उप-समिति | ७ |
| ९. | सामाजिक परिचालन उप-समिति | ४ |
| १०. | ज्येष्ठ नागरिक कोष उप-समिति | १ |
| ११ | विविध (खरिद उप-समिति,साधारण सभा व्यबस्थापन र पदपूर्ति) | १० |

## ३. संस्थाका विद्यमान नियमावली, नीति, कार्यविधि तथा निर्देशिकाहरू

संस्थामा तपशील बमोजिमका विद्यमान नीति तथा निर्देशिकाहरु लागु गरीएको छ ।

| क्र.स | नियमावली, नीति, कार्यविधि तथा निर्देशिकाहरू | |
|---|---|---|
| १ | संस्थाको विनियम - २०६४ | |
| २ | टेवा स्वास्थ्य हितकोष सञ्चालन कार्यविधि -२०७४ | |
| ३ | ज्येष्ठ नागरिक हितकोष सञ्चालन कार्यविधि -२०७४ | |
| ४ | उप-समिति गठन तथा सञ्चालन कार्यविधि -२०७५ | |
| ५ | सम्पत्ति शुद्धिकरण सम्बन्धी निर्देशिका -२०७६ | |
| ६ | भल्ट संचालन तथा आन्तरिक सुरक्षा व्यवस्थापन नीति-२०७६ | |
| ७ | सहकारी सुशासन नीति -२०७६ | |
| ८ | बैठक संचालन निर्देशिका -२०७६ | |
| ९ | कर्मचारी प्रशासन विनियमावली -२०७६ (संशोधन) | |
| १० | आर्थिक प्रशासन नियमावली -२०७६ (संशोधन) | |
| ११ | कर्जा लगानी तथा असुली नीति -२०७६ (संशोधन) | |
| १२ | शेयर सदस्यता तथा कोषको उपयोग नीति-२०७६ (संशोधन) | |
| १३ | निर्वाचन निर्देशिका- २०७७ (संशोधन) | |

## ४. सदस्यता सम्बन्धमा

क. सहकारी संस्थामा सदस्यहरुको भूमिका महत्वपूर्ण हुन्छ । यस संस्थाले सदस्यता विस्तार कार्यक्रमलाई प्राथमिकता दिँदै आएको छ । यसै क्रममा संस्थाको निम्न बमोजिम सदस्यतामा वृद्धि भएको जानकारी गराउँदछु ।

| आ.व.०७८/७९ को अनुमानित | आ.व.०७८/७९ को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २,९५१ जना | ३९६९ | १३४.५० | २१०.८१ |

ख. विगत ५ आर्थिक वर्षमा संस्थाको सदस्य सङ्ख्या विवरण :

| आर्थिक बर्ष | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
|---|---|---|---|---|---|
| सदस्य संख्या | ८५५ | १०१७ | ११२३ | १२७७ | ३९६९ |

**सदस्य संख्या**




## ५. शेयर पूंजी

क. सहकारी संस्थाको शेयर पूँजी महत्वपूर्ण विषय हो । संस्थाको ख्याती तथा सेवा प्रवाहका कारण शेयर पूँजीमा उल्लेख्य बृद्धि भएको छ । हाम्रो संस्थाको अत्यन्त सवल पक्ष भनेको मजवुत शेयर पूँजी हुनु हो । जसको विवरण निम्न अनुसार रहेको छ ।

| आ.व.०७८/७९ को अनुमानित | आ.व.०७८/७९ को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| २५,००,००,०००/ | २४,६२,७७,०००/ | ९८.५१ | ३१.३६ | |

ख. विगत ५ आर्थिक वर्षमा शेयर पूँजी विवरण :

| आर्थिक बर्ष | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
|---|---|---|---|---|---|
| शेयर पूंजी | ९,८०,७६,३००।- | ११,९१,९९,५००।- | १४,३५,९५,१००।- | १८,७४,८१,६००।- | २४,६२,७७,०००।- |

## शेयर पूजी




## ६. कोषको विवरण :

संस्थालाई दीर्घकालीन रुपमा सञ्चालन गर्न विभिन्न कोषहरुको महत्वपूर्ण भूमिका रहन्छ । विगत ५ वर्षको कोष रकम निम्न अनुसार रहेको छ ।

### क. जगेडा कोष

| आर्थिक बर्ष | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
|---|---|---|---|---|---|
| जगेडा कोष | १,४०,०९,७३३।८ | २,१३,३५,८६०।८१ | ३,३०,४४,८१६।७९ | ४,५०,७२,०२८।६० | ६,१८,८४,६४२।४३ |

## जगेडा कोष




### ख. अन्य कोष

| आर्थिक बर्ष | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
|---|---|---|---|---|---|
| अन्य कोषहरु | २,९५,३७,२६३।१८ | ३,८०,६६,१०१।२१ | ५,०४,७७,४१७।८८ | ५,२०,०१,०२८।५३ | ७,३८,११,१२९।५७ |

## ७. बचत सङ्कलन:

क. संस्थाको आर्थिक कियाकलापमा बचतको महत्वपूर्ण भूमिका रहेको हुन्छ। सदस्यहरुको बचतमा हुने सक्रिय सहभागिताबाटै सदस्य तथा संस्थाले प्रतिफल प्राप्त गर्न सक्ने हुँदा संस्थाले सञ्चालनमा ल्याएका बचत योजनाहरुमा निम्न अनुसार वृद्धि भएको छ। साथै सम्पूर्ण आदरणीय शेयर सदस्यज्यूहरुलाई सकृय रुपमा बचत कार्यमा सहभागी हुन समेत अनुरोध गर्दछु।

### ख. गत ५ आर्थिक वर्षको बचत विवरण :

| आर्थिक बर्ष | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
|---|---|---|---|---|---|
| बचत | ५१,५३,२४,५८५।४२ | ६२,९५,२१,३३६।७२ | ८४,६२,१९,८७३।८६ | १,०३,५३,९७,००५।२९ | ९७,००,१३,५९५।९५ |

**बचत**




## ८. सदस्यहरुलाई कर्जा लगानी :

क. कर्जा लगानी सहकारी संस्थाको अत्यन्त सम्वेदनशील विषय हो। कर्जा लगानी नै संस्थाको मुख्य आम्दानीको स्रोत हो। अघिल्लो वर्ष कोरोना भाइरस (कोभिड-१९) का कारण कर्जा लगानी निकै चुनौतिपूर्ण रह्यो। लगानीको क्षेत्रमा समस्या र चुनौतिहरु थपिरहेको अवस्था छ। यद्यपि संस्थाले सुरक्षित कर्जा लगानीलाई प्राथमिकता दिँदै विभिन्न ऋण योजना अन्तर्गत सदस्यहरुको सहभागिता र उपलब्धि निम्न अनुसार रहेको छ।

| आ.व.०७८/७९ को अनुमानित | आ.व.०७८/७९ को वास्तविक | लक्ष्य प्राप्ति प्रतिशत | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १,३१,००,००,००० | १,११,८१,२२,३०३।९८ | ८५.३५ | ४४.०६ | |

### ख. गत ५ आर्थिक वर्षको कर्जा लगानी विवरण :

| आर्थिक बर्ष | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
|---|---|---|---|---|---|
| कर्जा लगानी | ४५,५०,४७,५७४।४१ | ६१,६६,२८,६६१।०६ | ८५,८४,१०,२६४।६८ | ७७,६१,५३,९०२।४६ | १,११,८१,२२,३०३।९८ |

**कर्जा लगानी**



## ९. स्थिर सम्पति खरिद :

स्थिर सम्पति संस्थाको मेरुदण्ड एवं विश्वासको आधार हो । कारोबारको अनुपातमा स्थिर सम्पतिको अनुपात सन्तुलित बनाइनु पर्दछ । स्थिर सम्पतिलाई कूल सम्पतिको बढिमा ५ प्रतिशत कायम राखिने छ ।

| आ.ब.०७७/७८ को अनुमानित | आ.ब.०७७/७८ को वास्तविक | कैफियत |
|---|---|---|
| ६,२०,००,००० | २,७८,०६,६४३।०८ | |

## १०. नाफा नोक्सान :

क. संस्थाले गर्ने आर्थिक कारोवारबाट प्रत्येक आर्थिक बर्षमा नाफा प्राप्त भइरहेको छ । यस वर्ष पनि संस्थाले आर्थिक कारोवार सञ्चालनबाट उल्लेख्य नाफा आर्जन गर्न सफल रहेको छ ।

| आ.व.०७८/७९ को अनुमानित | आ.व.०७८/७९ को वास्तविक | लक्ष्य प्राप्ती | वृद्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ५,८४,७३,०२० | ६,३४,७५,५०८।३३ | ४२.३४ | १०८.५६ | |

## ख. गत ५ आर्थिक वर्षको खुद नाफा नोक्सान विवरण :

| आर्थिक बर्ष | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ |
|---|---|---|---|---|---|
| नाफा नोक्सान | २,७५,५२,३५७।५१ | ३,६६,३०,६३५।०५ | ४,१०,३७,८३४।४४ | ४,४५,९५,१७६।७६ | ६,३४,७५,५०८।३३ |

**खुद नाफा नोक्सान**




## ११. कार्यालय सुरक्षा:

संस्थामा सुरक्षा व्यवस्था चुस्त दुरुस्त राख्नको लागि बज्र सेक्यूरिटि सर्भिस प्रा.लि. सँगको सम्झौता अनुसार २४ सै घण्टा पालो पहरा गर्ने गरी सुरक्षा गार्डको तथा सेक्यूरिटी एलार्म मेसिन व्यवस्था गरिएको जानकारी गराउँदछु ।

## १२. कार्यालय तथा कर्मचारी व्यवस्थापन

क. संस्थाले आफ्नै स्वामित्वमा रहेको भवनबाट मात्र सेवा प्रदान गर्दै आएको र संस्थाले प्रदान गर्ने सेवालाई अझ बढी व्यवस्थित गर्न कर्मचारीहरुलाई कार्यविवरण सहित आवश्यक जिम्मेवारी बाँडफाँड गरी कार्य संचालन गरिदै आइरहेको छ ।

ख. संस्थामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप संस्थाको विनियम बमोजिम स्थापित कर्मचारी बोनस कोषबाट कर्मचारीले खाईपाई आएको आधारभूत तलबको २ महिना बराबरको हुन आउने रकम वितरण गरिएको छ । साथै संस्थामा कार्यरत कर्मचारीहरुको पोसाकको व्यवस्थालाई निरन्तरता दिइएको छ ।

ग. यस संस्थाका कर्मचारी कार्यालय सहायक तृतिय श्री तारा ढकालले राजीनामा दिनुभएकोले निजको राजीनामा स्वीकृत गरिएको छ ।

ङ. संस्थामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च बनाउन समय सापेक्ष सेवा सुविधामा थप गरिएको छ । कर्मचारीहरुको स्वास्थ्य र दुर्घटना वीमा कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

च. कर्मचारीहरुको आवश्यकता अनुसार बैठक बस्ने कार्यलाई निरन्तरता दिइएको छ ।

छ. संस्थाको कार्यालय समय विहान ८:०० देखि अपरान्ह ५:०० बजेसम्म सञ्चालनमा निरन्तरता दिँदै आएको छ ।

## १३. संस्थागत सुशासनः

कुनै पनि संस्थाको दीर्घकालीन विकासको लागि संस्थागत सुशासन अपरिहार्य हुने भएकोले त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगेका छौं । संस्था सञ्चालनमा प्रभावकारिता ल्याउन विभिन्न किसिमका नीति निर्माण गरी त्यसलाई कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिएका छौं ।

क. प्रत्येक महिना कम्तिमा १ पटक अनिवार्य रुपमा सञ्चालक समितिको नियमित बैठक बस्ने गरिएको छ । साथै आवश्यकता अनुसार सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा विभिन्न उप-समितिहरु बीच छलफल गरिने गरिएको छ ।

ख. प्रत्येक नियमित बैठकमा वित्तिय कारोवार लगायत अन्य क्रियाकलापलाई पारदर्शी रुपमा प्रस्तुत गरी अनुमोदन गर्ने गरिएको छ ।

ग. सदस्यता, कर्जा लगानी लगायतका महत्वपूर्ण विषयहरुलाई नियमानुसार कार्यान्वयन गर्ने गरिएको छ ।

घ. संस्थाबाट प्रदान गरिने कर्जालाई व्यवस्थित एवम् सुरक्षित बनाउन दर्तावाल धितो मूल्याङ्कनकर्ताबाट सम्पत्तिको मूल्याङ्कन गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ । संस्थामा निम्न अनुसारको फर्मलाई मूल्याङ्कनकर्ता नियुक्त गरिएको छ ।

- आर.पि. इन्जिनियरिङ एण्ड कन्सल्टेन्टस् प्रा.लि
- युनाईटेड कन्सल्टिङ इन्जिनियर्स एण्ड विल्डर्स
- आइ टेक इन्जिनियरिङ कन्सल्ट

ङ संस्थामा आवश्यक पर्ने सामाग्री खरिद प्रक्रियालाई पारदर्शी र ब्यवस्थित बनाउने कार्यलाई निरन्तरता दिइएको छ ।

## १४. सहभागिता र प्रतिनिधित्व :

यस सहकारी संस्थाको चौतर्फी विकासमा सकारात्मक प्रभाव पार्न सक्ने विभिन्न विषयहरुलाई प्राथमिकता दिँदै आएका छौं । संस्थाको व्यवसायिकता र ख्याती सँगसँगै अन्य सरोकारवाला निकायहरुसँगको सम्वन्धलाई अझ बढी सुदृढ पारिएको छ । साथै यस संस्थाका पदाधिकारीहरुको विभिन्न कार्यक्रममा सहभागिता रहेको छ ।

क. जिल्ला सहकारी संघ लि., ललितपुरको ३० औं वार्षिक साधारण सभामा संस्थाको अध्यक्षको रुपमा मेरो सहभागिता रहेको थियो ।

ख. "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" भन्ने मूल नाराका साथ ६५ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिको कार्यक्रमहरुमा संस्थाका पदाधिकारी, कर्मचारीहरु र सदस्यहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

## १५. तालिम तथा विभिन्न कार्यक्रमहरूको आयोजना :

क. संस्थाको दीर्घकालीन उद्देश्यहरुलाई अघि बढाउनका लागि कर्मचारी व्यवस्थापनलाई सबल बनाई कर्मचारीहरुको क्षमता र दक्षता अभिवृद्धि गर्न विभिन्न आन्तरिक तथा बाह्य तालिममा सहभागी गराइएको छ । साथै कर्मचारीहरुको क्षमता र दक्षता अभिवृद्धि गर्न पोखरा १९ स्थित जनसेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा अवलोकन भ्रमण कार्यक्रममा सहभागी गराईएको थियो ।

ख. मिति २०७८ कार्तिक २७ गते शनिबारका दिन संस्थाको संस्थापकको रुपमा संस्थापक सदस्यहरुले गर्नुभएको व्यक्तिगत योगदान साथै संस्थागत विकासको लागी उहाँले गर्नुभएको समर्पणको उच्च मूल्याङ्कन गर्दै "संस्थापक शेयर सदस्य सम्मान कार्यक्रम" आयोजना गरिएको थियो। उक्त कार्यक्रममा संस्थाका शेयर सदस्य महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु, उप समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

ग. संस्थाको महिला उपसमितिका संयोजक श्री कल्पना न्यौपानेज्यूको संयोजकत्वमा मिति २०७९ ज्येष्ठ १४ गते शनिबारका दिन एक दिने पोषण सम्वन्धी जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा संस्थाका शेयर सदस्य महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु, उप समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## १६. अन्तर सहकारी सम्बन्ध र छाता सङ्घहरूमा आवद्धता :

सिद्धान्ततः सहकारी सङ्घ संस्थाहरुको गठन नै परस्पर सहयोगको उदेश्यमा केन्द्रित रहेको हुन्छ। सहकारी सङ्घ/संस्थाहरु एकजुट नहुने हो भने सहकारी अभियान नै धरापमा पर्दछ । सहकारीको छैठौं सिद्धान्त "सहकारी संस्थाहरु बीच सहयोग" अनुसार संस्थाले आफूजस्तै समानान्तर संस्था, जिल्ला तथा केन्द्रीय सङ्घहरु सँग अन्तर सम्बन्ध स्थापित गरेको छ ।

आफ्नो तहभन्दा माथिल्लो तहका सङ्घहरुसँगको सम्बन्ध तथा सहकार्यले संस्थाको नीतिगत तथा सञ्चालन तहमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हाम्रो संस्थाको आवद्धता निम्न अनुसार रहेको छ ।

१. राष्ट्रिय सहकारी बैंक लि.
२. नेपाल केन्द्रीय बहुउद्देश्यीय सहकारी सङ्घ लि.
३. जिल्ला सहकारी सङ्घ लि., ललितपुर
४. जिल्ला वहुउद्देश्यीय सहकारी सङ्घ लि., ललितपुर

## १७. सामाजिक उत्तरदायित्व :

यस संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्ने सन्दर्भमा विभिन्न किसिमका सामाजिक कार्यहरु सञ्चालन गर्दै आएको छ ।

क. संस्थाको १६औं स्थापना दिवसको अवसरमा संस्थाको सामाजिक परिचालन उप-समितिका संयोजक श्री विनोद ओलीज्यूको संयोजकत्वमा मिति २०७९ श्रावण १६ गते सोमबारका दिन संस्थाले हात्तीबन पुल देखि खरिको बोट मन्दिर सम्म दायाँ बायाँ किनारमा वृक्षारोपण कार्यक्रमको आयोजना गरिएको थियो । उक्त

कार्यक्रममा संस्थाका सञ्चालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु, सल्लाहकारज्यूहरु, उप-समितिका पदाधिकारीहरु, कर्मचारीहरु र स्थानीय महानुभावहरुको उपस्थिति रहेको थियो ।

ख. संस्थाको स्वास्थ्य हितकोष उपसमितिका संयोजक श्री रवि महतज्यूको संयोजकत्वमा मिति २०७९ आषाढ १८ गते रक्त संचार सेवा केन्द्र पुल्चोकको प्राविधिक सहयोगमा "वृहत रक्तदान कार्यक्रम" तथा मेट्रो आई केयर प्रा.लि. (आँखा उपचार केन्द्र) सँग समन्वय गरी "निशुल्क आँखा परिक्षण कार्यक्रम" आयोजना गरिएको थियो । उक्त कार्यक्रममा संस्थाका शेयर सदस्य महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु, उप-समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा स्थानिय महानुभावहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

## १८. टेवा स्वास्थ्य हितकोष बचत

संस्थाका शेयर सदस्यहरु बिरामी भई अस्पतालमा भर्ना भई उपचार गरेमा औषधी उपचार खर्च तथा मृत्यु हुने सदस्यका परिवारलाई सँस्कार खर्च उपलब्ध गराउने गरिएको छ ।

क. टेवा स्वास्थ्य हितकोष बचत बाट सदस्यहरुलाई औषधी उपचार रकम उपलब्ध गराउने नीति अनुसार देहाय बमोजिमको रकम टेवा स्वास्थ्य हितकोष बचत मार्फत भुक्तानी गरियो । उक्त टेवा स्वास्थ्य हितकोष बचतमा हाल सम्म करिव एक करोड अठार लाख रुपैयाँ रहेको छ ।

**टेवा स्वास्थ्य हितकोष बचतबाट आ.ब. २०७८/०७९ मा तपसिलमा उल्लेखित सदस्यहरुलाई औषधी उपचार खर्च प्रदान गरीएको छ ।**

| क.स. | मिति | सदस्यता नं | सदस्यको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७८।९।०६ | २ | शरण कुमार श्रेष्ठ | १९००० | |
| २ | २०७८।९।०६ | १३८ | कृष्ण कुमारी गौतम | ७००० | |
| ३ | २०७८।९।०६ | ३१२ | नारायण गिरी | १९००० | |
| ४ | २०७८।९।०६ | ८६४ | लक्ष्मी कुमारी गिरी | ६५०० | |
| ५ | २०७८।९।०६ | ११८ | श्रीहरि खड्का | १०००० | |
| ६ | २०७८।९।०६ | ७१९ | पार्वती श्रेष्ठ | ७५०० | |
| ७ | २०७८।९।०६ | ३७ | माधव दुलाल | १९००० | |
| ८ | २०७९।१२।११ | ११६९ | राधिका महत | १६००० | |
| ९ | २०७९।१२।११ | २४ | श्याम प्रसाद घिमिरे | २७५०० | |
| १० | २०७९।१२।११ | १५७ | ठाकुर प्रसाद घिमिरे | १९००० | |
| ११ | २०७९।१२।११ | १०२० | रविन्द्र सिल्वाल | ३६००० | |
| १२ | २०७९।१२।११ | ६५३ | सोयता श्रेष्ठ | २७००० | |
| १३ | २०७९।१२।२० | ११३० | मनरथ भट्टराई | २२५०० | |
| १४ | २०७९।१२।२० | ६८० | विवेक थापा | १७००० | |
| १५ | २०७९।१२।२० | ६०६ | गोविन्द प्रसाद उपाध्याय | ५००० | |
| १६ | २०७९।०१।२० | ७० | लक्ष्मी प्रसाद उप्रेती | २९००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | २०७९।०२।२२ | ३११ | ज्ञानेन्द्र अधिकारी | ९५०० | |
| १८ | २०७९।०२।२२ | १२९ | टिमेन्द्र के.सी. | २७५०० | |
| १९ | २०७९।०३।१२ | ६०४ | तिलक प्रसाद दुलाल | ८५०० | |
| २० | २०७९।०३।१२ | ४०६ | भिम प्रसाद खकुरेल | ९००० | |
| २१ | २०७९।०३।१२ | १२११ | शोभा राना | १६००० | |
| २२ | २०७९।०३।३१ | ५१ | शुशिल भण्डारी | ५५०० | |
| २३ | २०७९।०३।३१ | ७१५ | संगीता कार्की | २५५०० | |
| २४ | २०७९।०३।३१ | ८४४ | सुसाङ्क महत | ६००० | |
| २५ | २०७९।०३।३१ | १८ | नविन महर्जन | ३७५०० | |
| २६ | २०७९।०३।३१ | ८५२ | मिरा कुमारी कुँवर | ८००० | |
| २७ | २०७९।०३।३१ | ५९४ | काली कुमारी थापा | १३००० | |
| २८ | २०७९।०३।३१ | ७८८ | बुद्धि बहादुर महर्जन | १५००० | |
| | | | **जम्मा** | **४,६८,०००** | |

## १९. नेपाल सरकारलाई राजश्वमा योगदान :

संस्थाले आर्थिक वर्ष २०७८/०७९मा रु. १ करोड ३४ लाख ७७ हजार ५ सय ५ रुपैयाँ ५७ पैसा आन्तरिक राजश्व कार्यालयको खातामा विभिन्न शिर्षक अर्न्तगत कर दाखिला गरी राज्यको राजश्वमा योगदान पुऱ्याएका छौं ।

## २०. लेखा सुपरिवेक्षण समितिले दिएको सुझावको कार्यान्वयनको अवस्था :

संस्थाको लेखा सुपरिवेक्षण समितिले प्रत्येक चौमासिकमा प्रतिवेदन मार्फत संस्थाको उद्देश्य प्राप्ति, प्रगति र उन्नतिको लागि सल्लाह सुझाव दिदैं आउनुभएको र आगामी दिनहरुमा पनि रचनात्मक सल्लाह सुझावको अपेक्षा गर्दछौं । लेखा सुपरिवेक्षण समितिबाट औंलाएका रचनात्मक सुझावहरु बुदाँगत रुपमा छलफल गरी कार्यान्वयन गर्नुपर्ने विषयलाई तत्कालै कार्यान्वयन गरिदैं लगिएको र तत्काल गर्न नसकिने विषयलाई क्रमिक रुपमा कार्यान्वयन गरिदैं लगिने जानकारी गराउँदछौं । लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुलाई रचनात्मक सुझावको लागि हार्दिक धन्यवाद दिन चाहन्छौं ।

## २१. मोबाईल बैंकिङ्ग तथा (SMS) सुविधा

टेवा स्मार्ट बैकिङ्ग एप मार्फत यस संस्थाले आफ्ना सदस्यहरुलाई डिजिटल मोबाइल बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ । सदस्यहरुले आफ्नो खाताको ब्यालेन्स चेक गर्ने, स्टेटमेन्ट हेर्ने लगायत बिजुली बिल भुक्तानी, खानेपानी विल भुक्तानी, रिचार्ज गर्ने (Ncell, NTC,CDMA,Smartcell), इन्टरनेटको भुक्तानी, ई-सेवा तथा खल्ती लोड गर्ने, एक सदस्यबाट अर्को सदस्यको खातामा ब्यालेन्स ट्रान्सफर तथा इन्टर बैंक ट्रान्सफर सुविधा सहित अन्य सुविधा युक्त बैंकिङ्ग एप सञ्चालनमा रहेको छ । साथै उक्त सुविधा उपभोग गर्ने सदस्यले वार्षिक १५०।- भुक्तानी गर्नुपर्ने समेत जानकारी गराउँदछु । उक्त मोवाइल बैकिङ्ग सुविधा Play store तथा App Store बाट डाउनलोड गरी संस्थामा स्मार्ट बैकिङ्गको फर्म भरी स्मार्ट बैकिङ्ग एप चलाउन सकिनेछ । उक्त एप चलाउन तलको QR Code स्क्यान गर्नहुन अनुरोध गर्दछु ।

## २२. रेमिट्यान्स (विप्रेषण) सेवाः REMITTANCE SERVICE

यस संस्थाले विभिन्न रेमिट्यान्स कम्पनीको एजेन्सी लिई आफ्ना सदस्य तथा गैर सदस्यहरुलाई रेमिट्यान्स सेवा प्रदान गर्दै आएको छ । सदस्यहरुको सुविधालाई ध्यानमा राखी विप्रेषण सेवाको सुविधा उपलब्ध गराउने उद्देश्यले संसारको जुनसुकै देशहरुबाट पठाएको रकम भुक्तानी लिन सकिने छ तथा नेपाल राज्यभरी रकम पठाउन र भुक्तानी गर्न सकिने छ ।

## २३. सम्पत्ति शुद्धिकरण निवारण ऐनको पालनाः

संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐनमा भएका व्यवस्थाहरुलाई पालना गर्दै लगेको छ । खासगरी संगठित अपराध तथा राजश्व छलीबाट आर्जित सम्पत्तिको व्यवस्थापनमा संस्थालाई प्रयोग गर्न नदिन आवश्यक सावधानीहरु अपनाईएको छ । संस्थाको सदस्यता लिदा सदस्य पहिचान फारम (KYM) भर्नुपर्ने व्यवस्था गरिएको छ । तोकिएको सिमा भन्दा बढीको कारोवारको विवरण वित्तिय जानकारी ईकाईमा तोकिए बमोजिम रिपोर्टिङ्ग गर्ने गरिएको छ । सहकारी विभागले जारी गरिएको निर्देशन २०७४ बमोजिम संस्थाले कार्यान्वयन अधिकारीको व्यवस्था गरेका छौं ।

## २४. लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष :

यस वर्ष संस्थाले रु.६,३४,७५,५०८।३३ खुद नाफा गरेको छ । जस मध्ये विभिन्न कोषहरुमा बाँडफाँड गरी कूल चुक्ता शेयर पूँजीको १०.१५% का दरले Dividend on Share capital वितरण गर्ने प्रस्ताव का साथै कारोवारको आधारमा संरक्षित पूँजी फिर्ता कोष मार्फत रकम दिने प्रस्ताव यस साधारण सभामा पेश गरेकाछौं ।

## २५. लेखा परीक्षण :

आ.व. २०७८/०७९ को लागि वार्षिक लेखा परीक्षण गर्न एस.आचार्य एण्ड एसोसिएटस् चार्टर्ड एकाउण्टेन्टसलाई लेखा परिक्षक नियुक्ति दिई लेखा परिक्षण कार्य सम्पन्न गरिएको कुरा सम्मानित साधारण सभा समक्ष अवगत गराउँदछु ।

## २६. विनियम संशोधन सम्वन्धमा :

संस्थाको विनियममा केही संशोधन गर्न आवश्यक देखीएकोले उक्त संशोधन प्रस्ताव यस साधारण सभा समक्ष राखिएको छ । उक्त संशोधन प्रस्तावलाई पारित गरिदिनुहुन सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

## २७. नीति तथा कार्यविधि सम्बन्धमा

संस्थाको निम्न अनुसार नीति तथा कार्यविधि संशोधन गरी यस गरीमामय साधारण सभा समक्ष पेश गरेका छौं । तपसिल अनुसारका नीति तथा कार्यविधिहरुलाई अध्ययन गरी सुझाव सहित पारित गरिदिनुहुन अनुरोध गर्दछौं ।

| क्र.स. | विवरण |
|---|---|
| १. | सम्पत्ति शुद्धीकरण सम्बन्धी निर्देशिका -२०७९ |
| २ | आर्थिक प्रशासन नियमावली -२०७९ |
| ३ | भल्ट सञ्चालन तथा आन्तरिक सुरक्षा व्यवस्थापन नीति-२०७६ (संशोधन) |
| ४ | कर्जा लगानी तथा असुली नीति २०७६ (संशोधन) |

## आदरणीय शेयर सदस्य महानुभावहरू,

संस्थाले आर्थिक बर्ष ०७८।०७९ मा निम्नानुसारको लक्ष्य लिएका थियौं । संस्थाले राखेका लक्ष्यहरु र तिनमा भएका प्रगति र कार्यान्वयनका अवस्था विस्तृत तपशीलमा उल्लेख गरीएकोछ ।

| **नीति तथा कार्यक्रम** | **कार्यान्वयन अवस्था** |
|---|---|
| **१. शेयर सदस्यता तथा शेयर नीति** | |
| ● सदस्यता वृद्धि १३१.०९ प्रतिशतले र शेयर रकम कूल सम्पत्तिमा २९.७७ प्रतिशतले वृद्धि गरिनेछ । शेयर रकमको व्यवस्थापनसँगै सहकारी ऐन तथा नियमावली बमोजिम लाभांश वितरण गर्ने रणनीति लिइनेछ । | सदस्यता २१०.८१ प्रतिशतले वृद्धि भएको र शेयर रकम ३१.३६ प्रतिशतले वृद्धि भएको जानकारी गराउँदछौं । |
| **२. आर्थिक तथा बचत/निक्षेप नीति** | |
| ● संस्थाको दीर्घकालीन आर्थिक विकासको लागि निम्न अनुसारको बचत नीतिलाई विशेषताका साथ लागू गरिनेछ । जसले संस्थाको मेरुदण्डको रुपमा संस्थालाई मजबुत र स्थिर बनाउने छ ।<br>१. शेयर पूँजी, | समयानुसार शेयरपूँजी, जगेडाकोष, अन्यकोषहरु, हितकोष बचतहरु लगायत अन्य बचत रकमहरु वृद्धि हुँदै गएको तथा आर्थिक मन्दी र वित्तिय बजारमा देखिएको तरलता संकटका कारण कूल बचत/निक्षेपमा ६.३१ प्रतिशतले कमि भएको जानकारी गराउँदछौं । साथै समय सापेक्ष प्रतिस्पर्धात्मक व्याजदर कायम गरिएको जानकारी गराउँदछौं । |
| **२. जगेडा कोष,** | |
| **३. अन्य कोषहरु,** | |
| **४. टेवा स्वास्थ्य हितकोष बचत,** | |
| **५. ज्येष्ठ नागरिक कोष बचत,** | |
| **६. ज्येष्ठ नागरिक बचत,** | |
| **७. बाल विकास हितकोष बचत,** | |
| **८. खुत्रुके (बाल बचत), ९. अनिवार्य बचत, १०. अन्य बचतहरु** | |
| ● कूल बचत/निक्षेपमा २४.०१ प्रतिशतले वृद्धि गर्ने नीति लिइनेछ । | |
| ● सदस्यहरुलाई लक्षित गरी नयाँ-नयाँ बचत योजनाहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । | |
| ● बचतमा समय सापेक्ष प्रतिस्पर्धात्मक व्याजदर कायम गरी लागु गरीने छ । | |

| ३. ऋण लगानी तथा असुली नीति | |
|---|---|
| ● कूल ऋण लगानीमा ६८.७८ प्रतिशतले वृद्धि गर्ने नीति लिइनेछ । <br>● दीर्घकालीन कर्जाहरुलाई प्राथमिकतामा राखी कर्जा लगानी गर्ने योजना बनाइएको छ । <br>● ऋणका नयाँ क्षेत्रहरु पहिचान गरी सुरक्षित कर्जा लगानी योजनालाई निरन्तरता दिइनेछ । <br>● कर्जा लगानी प्रकिृया छिटो छरितो बनाउदै ऋणको सीमा बढाउँदै जाने योजनालाई निरन्तरता दिइनेछ । <br>● ऋणमा समय सापेक्ष प्रतिस्पर्धात्मक व्याजदर कायम गरी विभिन्न कर्जा शीर्षकहरुमा कर्जा प्रवाह गरिनेछ । <br>● भाखा नाघेका ऋणलाई ५ प्रतिशतभन्दा कम कायम गर्ने र उत्पादनमूलक क्षेत्रमा ऋण लगानीलाई प्राथमिकता दिइनेछ । साथै यस संस्थाबाट कर्जा लिई समयमा साँवा व्याज भुक्तानी नगर्ने ऋणी सदस्यहरुको ऋणमा जमानी बस्ने शेयर सदस्यहरुबाट संस्थाको लेना रकम असुल उपर गरिनेछ । साथै ऋणी तथा जमानीकर्ता शेयर सदस्यहरुमा निर्वाचन आचार संहिता लागु हुनेछ । <br>● असल ऋणी सदस्यहरुलाई सहुलियत तथा सम्मान दिने कार्यलाई निरन्तरता दिइनेछ । <br>● सदस्यज्यूहरुको सहुलियतका लागि दीर्घकालीन टेवा घर/जग्गा खरिद तथा निर्माण कर्जालाई अझ सहुलियत पूर्ण तरिका बाट निरन्तरता दिइनेछ । | ऋण लगानीमा ४४.०६ प्रतिशतले वृद्धि भएको । कर्जा लगानी प्रकिृयालाई छिटो र छिरोतो बनाउदै ऋणको सीमा प्रति एक सदस्य रु तीन करोड पुऱ्याएको छ । समय सापेक्ष ऋणको ब्याजदर परिवर्तन भएको । भाखा नाघेका ०.२४ प्रतिशत रहेको थियो । साथै समयमा नतिर्ने ऋणीहरु सँग कानुनी प्रकिया अघि बढाएको जानकारी गराउँदछौं । |
| **४. आम्दानी नीति** | |
| ● आ.ब. २०७८/०७९ मा कूल आम्दानी रु. २०,५५,३१,०००/- (बीस करोड पचपन्न लाख एकतीस हजार रुपैया मात्र) पुऱ्याइने लक्ष्य राखिएको छ । | आ.ब. २०७८/०७९ मा रु. १७,६३,३६,६६६।४६ (सत्र करोड त्रिसठी लाख छतिस हजार छ सय छैसठी रुपैया छयालीस पैसा मात्र) कूल आम्दानी रह्यो । |
| **५. खर्च नीति** | |
| ● खर्चमा मितव्ययिता अपनाई आ.ब. २०७८/०७९ मा कूल खर्च रु. १३,८७,८३,२००/- (तेह्र करोड सत्तासी लाख त्रियासी हजार दुई सय मात्र ।) सिमित गर्ने लक्ष्य राखिएको छ । | आ.ब. २०७८/०७९ मा विभिन्न शिर्षकहरुमा खर्च रु. १०,५९,९९,९५६।१६ (दश करोड उनान्साठी लाख उनान्सय हजार नौ सय छपन्न रुपैया सोन्ह पैसा मात्र) रहको छ । |
| ६. सूचना प्रविधि नीति | |
| ● प्रविधिको उच्चतम प्रयोग गर्न संस्थाले विभिन्न एप्लिकेशन सफ्टवेयरहरुको जानकारी गराउन शिक्षा तथा तालिमको व्यवस्था मिलाउने छ । | कोभिड १९ कारण उक्त कार्यक्रम आयोजना नगरिएको जानकारी गराउँदछौं । |
| ● संस्थाले प्रवाह गर्ने सेवा सुविधाहरुको बारेमा विभिन्न माध्यमबाट सूचित गर्ने योजना बनाइनेछ । शेयरसदस्य महानुभावहरुको सेवालाई मध्यनजर गरी संस्थालाई आधुनिकीकरण गर्न Smart Tewa को अवधारणा अनुसार मोवाइल बैकिङ्ग सेवालाई थप व्यवस्थित बनाइनेछ । | समयानुसार स्मार्ट मोवाईल बैंकिङ्ग सेवालाई व्यवस्थित गराउँदै लगिएको जानकारी गराउँदछौं । |

| | |
|---|---|
| **७. वेब साइट, विद्युतीय कारोबार, विद्युतीय सुरक्षा तथा प्रवर्द्धनात्मक नीति** | |
| ● संस्थाको वेबसाइट अद्यावधिक गरिनेछ । | वेबसाइट अद्यावधिक गर्ने कार्य भईरहेको जानकारी गराउँदछौं । |
| ● सस्थासगंको कारोबारको विवरणहरु सदस्यहरुलाई विद्युतीय माध्यमबाट सहज रुपमा प्रदान गरिनेछ । कारोबारको गोपनियता र सुरक्षाका लागि थप व्यवस्था गरिनेछ । | सदस्यहरुलाई विद्युतीय माध्यमबाट सहज रुपमा सेवा प्रदान गरिदै आएको जानकारी गराउँदछौं । |
| ● संस्थाको पहिचान हुने भित्तेपात्रो र टेवल क्यालेण्डर प्रकाशन गरी शेयर सदस्यज्यूहरु, स्थानीय तथा सरोकारवाला निकायहरुमा वितरणलाई निरन्तरता दिइनेछ । | क्यालेण्डर प्रकाशन गरी शेयर सदस्यज्यूहरु, स्थानीय तथा सरोकारवाला निकायहरुमा वितरण गरिएको जानकारी गराउँदछौं । |
| **८. शिक्षा, तालिम, क्षमता अभिबृद्धि तथा जनचेतना नीति** | |
| ● संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, अन्य उपसमिति लगायत कार्यरत कर्मचारीहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धि तथा सहकारी शिक्षा तथा तालिमहरुको आयोजना एवं सहभागी गराइनेछ । | संस्थाको महिला उप समितिको संयोजकत्वमा मिति २०७९ ज्येष्ठ १४ गते पोषण सम्वन्धी जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको जानकारी गराउँदछौ । |
| ● स्वास्थ्य,पोषण तथा योग कार्यक्रम र जीवनशैली विकास जस्ता सदस्यहरुको क्षमता तथा नेतृत्व विकास सम्वन्धी कार्यक्रमहरुलाई आगामी दिनमा निरन्तरता दिइनेछ । | |
| ● जनचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिनेछ । | |
| ● महिला सदस्यहरुको क्षमता अभिवृद्धि सम्वन्धी विशेष व्यवसायिक तालिम (कौशी खेती,अचार बनाउने आदि) लगायत अन्य आवश्यक आयमूलक कार्यक्रमहरुको आयोजना गरिनेछ । | आगामी दिनमा महिला सदस्यहरुको क्षमता अभिवृद्धि सम्वन्धी विशेष व्यवसायिक तालिम लगायत अन्य आवश्यक आयमूलक कार्यक्रमहरुको आयोजना गरिने जानकारी गराउँदछौं । |
| ● परिस्थिति सहज भएमा विभिन्न तालिम र नेपालका उत्कृष्ट सहकारीहरुको गतिविधि तथा क्रियाकलापहरुको अध्ययन, अबलोकन भ्रमणको कायर्क्रमलाई निरन्तरता दिने योजना बनाइएको छ । | परिस्थिति असहज भएका कारण अध्ययन, अवलोकन भ्रमणको कायर्क्रमलाई निरन्तरता दिन नसकिएको जानकारी गराउँदछौं । |
| **९. सामाजिक कार्य नीति** | |
| ● जनचेतनामूलक वृहत सरसफाई र वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइने छ । | सरसफाई र वृक्षारोपण कार्यक्रम आयोजना गरिएको जानकारी गराउँदछौं । |
| ● नि:शुल्क स्वास्थ्य शिविर र रक्तदान कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । | मिति २०७९ आषाढ १८ गते रक्त संचार सेवा केन्द्र पूल्चोकको प्राविधिक सहयोगमा “वृहत रक्तदान कार्यक्रम” तथा मेट्रो आई केयर प्रा.लि.(आँखा उपचार केन्द्र) सँग समन्वय गरी “निशुल्क आँखा परिक्षण कार्यक्रम” सम्पन्न गरिएको जानकारी गराउँदछौं । |
| ● प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदुषण न्यूनीकरण गर्न कपडाको झोला बनाई सदस्यहरुलाई वितरण गरिनेछ । | प्लाष्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदुषण न्यूनीकरण गर्न कपडाको झोला बनाई शेयर सदस्यहरु वितरण गरिएको जानकारी गराउँदछौं । |

| | |
|---|---|
| **१०. सम्मान नीति** | |
| ● सहकारी संस्थाको विकास एवं प्रवर्द्धनमा योगदान दिने संस्थापक शेयर सदस्य तथा समाजको विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गर्ने शेयर सदस्य एवं श्रष्टाहरुलाई सम्मान एवंम पुरस्कृत गर्ने कार्यलाई थप व्यवस्थित बनाइनेछ । | संस्थाले १४औं वार्षिक साधारण सभामा संस्थाका शेयर सदस्य, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणी तथा कर्मचारीलाई सम्मान गरिएको जानकारी गराउँदछौ । |
| ● संस्थाका संस्थापक शेयर सदस्य तथा अन्य विशिष्ट व्यक्तिहरुको सम्मान कार्यक्रमको आयोजना गरिनेछ । | |
| ● संस्थाले विविध विधामा संस्थामा बचत तथा ऋण कारोबार गर्ने, शेयर सदस्यहरुलाई तथा संस्थाले दिएको जिम्मेवारी निष्ठाका साथ कार्यान्वयन गर्ने कर्मचारीहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइने छ । | |
| **११. रेमिट्यान्स कारोबार नीति** | |
| ● सदस्यहरुको सुविधाका लागि संस्थाद्वारा रेमिटको एजेन्सी लिई कारोबार सञ्चालन गर्दै आएको छ । रेमिट्यान्स सेवालाई थप सुविधा दिने नीति लिइएको छ । हाल संस्थाले करिव ३५ वटा रेमिट सुविधा प्रदान गरिरहेको छ । | रेमिट्यान्स सेवालाई व्यबस्थित तवरका साथ संचालन गरिएको जानकारी गराउँदछौं । |
| **१२ संस्थाको विनियम र आन्तरिक नीति,कार्यविधि तथा विनियमावली संशोधन नीति** | |
| ● सहकारी ऐन र सहकारी नियमावली अनुसार नयाँ नीति नियम कार्यविधिहरु निर्माण तथा संशोधन गरिने छ । | संस्थाले १४ औं वार्षिक साधारण सभामा पेश गरिएको विनियम संशोधन मिति २०७९।२।३१ गते संशोधन भएको जानकारी गराउँदछौं । |
| **१३. ज्येष्ठ सदस्य नीति** | |
| ● यस संस्थामा शेयर सदस्य रहेका कम्तिमा ५ वर्ष पुरा भएका ६९ वर्ष उमेर पुरा भई ७० वर्ष लागेका ज्येष्ठ नागरिक सदस्यहरुलाई सम्मान स्वरुप वार्षिक रु १००००/ (अक्षरेपी दश हजार रुपैया मात्र) उपलब्ध गराइने नीति लिइएको छ । साथै कोष वृद्धिसँगै संस्थाले उपलब्ध गराउने रकम पनि समय सापेक्ष वृद्धि गरीने छ । | मिति २०७९ आषाढ १८ गते ज्येष्ठ नागरिक शेयर सदस्यहरुलाई सम्मान कार्यक्रम आयोजना गरिएको जानकारी गराउँदछौं । |
| ● शेयर सदस्यहरुसँग ज्येष्ठ नागरिक कोष बचतमा दैनिक १ रुपैया लिदै आएकोमा २ रुपैया थप गरी ३ रुपैया प्रतिदिनका दरले दान स्वरुप लिइने नीति लिइएको छ । जसबाट संस्थाले प्रदान गर्ने सेवा सुविधामा थप वृद्धि गर्न सकिने विश्वास लिएका छौं । | टेवा ज्येष्ठ नागरिक कोष बचत कार्यक्रम संचालन गरी सोही कोष मार्फत ज्येष्ठ शेयर सदस्यहरुलाई वार्षिक औषधी उपचार खर्च उपलब्ध गराउँदै आएको जानकारी गराउँदछौं । |
| **१४. स्वास्थ्य नीति** | |
| ● यस संस्थाका शेयर सदस्यज्यूहरुलाई नेपाल सरकारले किटान गरेको जघन्य तथा दीर्घरोग भएका शेयर सदस्यज्यूहरुलाई कार्यविधि बनाई रकम उपलब्ध गराइनेछ । | नेपाल सरकारले किटान गरेको जघन्य तथा दीर्घरोग सम्वन्धी टेवा हितकोष बचत कार्यविधि संशोधन गरी यस साधारण सभामा पेश गरिएको जानकारी गराउँदछौं । |
| ● यस संस्थाका शेयर सदस्य बिरामी हुँदा औषधी उपचार खर्च तथा शेयर सदस्यको मृत्यु भएमा सँस्कार खर्च वापत बढीमा ३०,०००।- उपलब्ध गराउँदै आएकोमा सो रकम वृद्धि गरी बढीमा ४०,०००।- पुऱ्याइनेछ । | टेवा स्वास्थ्य कोष बचत कार्यक्रम संचालन गरी सोही कोष मार्फत शेयर सदस्यहरुलाई वार्षिक औषधी उपचार खर्च उपलब्ध तथा सँस्कार खर्च वापत रकम उपलब्ध गराउँदै आएको जानकारी गराउँदछौं । |
| ● टेवा स्वास्थ्य हितकोष बचतमा दान स्वरुप शेयर सदस्यहरुसँग बार्षिक रु.६०० लिदै आएकोमा अब देखि दैनिक ३ रुपैयाँ प्रतिदिनका दरले दान स्वरुप लिइने नीति लिइएको छ । | |

| | |
|---|---|
| **१५. बाल विकास नीति** | |
| ● यस बाल विकास नीति अन्तर्गत बालबालिकाको बृत्ति विकासका लागि सदस्यहरुसँग दैनिक १ रुपैया प्रतिदिनका दरले दान स्वरुप लिइने नीति लिइएका छ । साथै बाल विकास नीति यस साधारण सभा समक्ष पेश गरेका छौं । | बाल बचत हितकोष बचत स्थापना भएको जानकारी गराउँदछौं । |
| ● महिला शेयर सदस्यहरुको नवजात शिशुको जन्म भएमा (बढीमा दुई जना सम्म ) सुत्केरी पोषण तथा औषधी उपचार खर्च वापत रु ९००० दिई आएकोमा सो रकम वृद्धि गरी रु.१५०००/(अक्षरेपी पन्ध्र हजार मात्र) पु¥याइनेछ । | सोही अनुसार कार्यान्वयन भएको जानकारी गराउँदछौ । |
| ● नवजात शिशुको मुख हेराई तथा खुत्रुके वितरण कार्यलाई निरन्तरता दिइनेछ । | नवजात शिशुको मुख हेराई तथा खुत्रुके वितरण कार्यलाई निरन्तरता दिँदै आएको जानकारी गराउँदछौं । |
| **१६. अन्तर सहकारी नीति** | |
| ● राष्ट्रिय सहकारी सङ्घ, राष्ट्रिय सहकारी बैंक, जिल्ला सहकारी सङ्घ, विषयगत सङ्घ र सहकारी सङ्घ संस्था लगायत सरोकारवाला निकायहरुसँग थप सम्पर्क र समन्वय गरी सहकारी सेवाको लागि समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ । | आवश्यकता अनुसार संघ संस्थामा समन्वय गरी सहकारी सेवाको लागि समन्वय र सहकार्यलाई निरन्तरता दिएको जानकारी गराउँदछौं । |
| ● राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सहकारी दिवसका साथै अन्य सहकारी अन्तरकृया तथा छलफल कार्यक्रमहरुमा सकृय सहभागिता जनाइने छ । | राष्ट्रिय सहकारी दिवसमा सकृय सहभागिता जनाइएको जानकारी गराउँदछौं । |
| **१७. रणनैतिक योजनाहरु नीति** | |
| ● सदस्यहरुलाई प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन अल्पकालीन तथा दीर्घकालीन रणनैतिक योजनाहरु (Road Map) तयार गरी अघि बढिने छ । | सदस्यहरुलाई प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन अल्पकालीन रणनैतिक योजनाहरु तयार गरी अघि बढिएको जानकारी गराउँदछौं । |
| **१८. सकृय तथा निष्कृय सदस्य नीति** | |
| यस संस्थाको सदस्यता लिई नियमित मासिक बचत तथा अन्य कुनै पनि आर्थिक कारोबार नगर्ने शेयर सदस्यहरुलाई निष्कृय सदस्यहरुको सूचीमा राखी निजहरुले संस्थावाट प्राप्त गर्ने कुनै पनि सेवा सुविधा उपभोगका साथै संस्थाको कुनै पनि कार्यक्रममा सहभागी नगराइने कार्यलाई निरन्तरता दिइनेछ । हाल संस्थामा १०६४ सकृय सदस्य र २१३ निष्कृय सदस्य रहेका छन् । | नियमित मासिक बचत नगर्ने सदस्यहरुलाई संस्थाले प्रदान गर्ने सेवा सुविधा उपलब्ध नगराएको जानकारी गराउँदछौं । |
| **१९. बाह्य ऋण तथा अनुदान लिने नीति** | |
| संस्थाको आवश्यकता बमोजिम पर्ल्स वित्तिय प्रणालीको नीतिभित्र रहि बाह्य ऋण तथा अनुदान लिईनेछ । | आवश्यकता अनुसार पर्ल्स वित्तिय प्रणालीको नीतिभित्र रहि बाह्य ऋण लिएको जानकारी गराउँदछौं । |
| **२०. सम्पत्ति खरिद नीति** | |
| ● संस्थाको दैनिक प्रशासनिक कार्यहरु सुचारु ढङ्गले सञ्चालन गर्नका लागि संस्थाको आवश्यकतानुसार पूँजीगत खर्चको रुपमा सम्पत्ति खरिद गर्ने नीति लिइनेछ । | आवश्यकता अनुसार सम्पत्ति खरिद गरिदै आएको जानकारी गराउँदछौं । |
| ● संस्थाको आवश्यकता अनुसार चल-अचल सम्पत्ति मर्मत, खरिद एवं अनावश्यक तथा पत्रु भएमा बिक्री गरिनेछ । | आवश्यकता अनुसार चल-अचल सम्पत्ति मर्मत गरिएको जानकारी गराउँदछौं । |

| | |
|---|---|
| २१. **विमा नीति** | |
| ● सस्थाका चल अचल सम्पत्ति,कमर्चारीहरुको स्वास्थ्य तथा मार्गस्थ बिमालाई निरन्तरता दिइनेछ । | चल अचल सम्पत्ति,कमर्चारीहरुको स्वास्थ्य तथा मार्गस्थ नगद बिमालाई निरन्तरता दिँदै आएको जानकारी गराउँदछौं । |
| २२. संस्था संरक्षक तथा सल्लाहकार समिति-गठन नीति | |
| ● संस्थाको उन्नति प्रगति लगायत संस्थालाई स्वच्छ रुपमा सञ्चालन गर्न संस्थाका पूर्व अध्यक्षज्यूहरु, निवर्तमान अध्यक्षज्यू सहितको संस्था संरक्षक सल्लाहकार समिति तथा संस्थाका पूर्व अध्यक्ष लगायत विभिन्न क्षेत्रका विज्ञहरुलाई समावेश गरी सल्लाहकार समिति गठन गरिने नीति लिएका छौं । सो सम्वन्धी कार्यविधि बनाई लागु गरिनेछ । | संस्थाको आवश्यकता अनुसार तीन सदस्य सल्लाहकार समिति तथा एक कानुनी सल्लाहकार मनोनयन गरिएको जानकारी गराउँदछौं । |
| २३. कर्मचारी तर्फको नीति | |
| ● कमर्चारीको समय सापेक्ष क्षमता अभिबृद्धिका लागि तालिमहरुको आयोजना एवं सहभागी गराइनेछ । | संस्थामा कार्यरत कर्मचारी श्री कविन्द्र कार्कीलाई कोपोमिस तथा कर सम्वन्धी तालिममा सहभागी गराएको जानकारी गराउँदछौं । |
| ● सस्थाको वित्तिय अवस्थालाई मध्यनजर गरी कमर्चारीहरुको सेवा सुविधामा वृद्धि गर्ने योजना रहेको छ । | कर्मचारीहरुको सेवा सुविधामा समय सापेक्ष वृद्धि गरिदै लगिएको जानकारी गराउँदछौं । |
| ● कमर्चारीहरुका लागि सहकारी अध्ययन, अवलोकन तथा भम्रणको आयोजना गरिनेछ । | पोखरा १९ स्थित जनसेवा बचत तथा ऋण सहकारी संस्थामा सहकारी अध्ययन, अवलोकन तथा भम्रणमा सहभागी भएको जानकारी गराउँदछौ । |
| ● आवश्यकता अनुसार कमर्चारी थप गरी सदस्यहरुको सेवा सुविधा वृद्धि गर्ने । | आवश्यकता अनुसार कमर्चारी थप गरी सदस्यहरुको सेवा सुविधा वृद्धि गरिएको जानकारी गराउँदछौ । |
| ● कार्यरत कमर्चारीहरुको मूल्याङ्कन गरी सोही अनुसारको जिम्मवोरी दिइनेछ । | कार्यरत कमर्चारीहरुको मूल्याङ्कन गरी सोही अनुसार जिम्मेवारी प्रदान गरिएको जानकारी गराउँदछौ । |

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

अब म, संस्थाले आर्थिक बर्ष ०७९।०८० का लागि अवलम्बन गर्ने नीति तथा कार्यक्रमहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### १. शेयर सदस्यता तथा शेयर नीति

- आर्थिक वर्षको अन्त्यसम्म सदस्य संख्यामा २५.९८ प्रतिशतले वृद्धि गरिनुका साथै शेयर रकम १३.६९ प्रतिशतले वृद्धि गरिनेछ । रु. एक लाख भन्दा कम शेयर भएका सदस्यहरुलाई शेयर वृद्धि गर्न विशेष प्रोत्साहन गरिनेछ । साथै सहकारी ऐन तथा नियमावली बमोजिम लाभांश वितरण गर्ने रणनीति लिईनेछ ।

### २. बचत/निक्षेप नीति

- कुल बचत/निक्षेपमा ३४.२८ प्रतिशतले वृद्धि गर्ने नीति लिईनेछ ।
- सदस्यहरुलाई लक्षित गरी नयाँ-नयाँ बचत योजनाहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । नारी बचत/ बाल बचत/ नियमित बचत जस्ता शिर्षकहरुमा बचत संकलन गरी बचत वृद्धि गर्न विशेष जोड दिईनेछ ।
- समय सापेक्ष प्रतिस्पर्धात्मक व्याजदर कायम गरिनेछ, बचत तथा ऋणको अन्तर दरमा विशेष ध्यान दिईनेछ ।

## ३. ऋण लगानी तथा असुली नीति

- कुल ऋण लगानीमा २६.७८ प्रतिशतले वृद्धि गर्ने नीति लिईनेछ ।
- दीर्घकालीन कर्जाहरुलाई प्राथमिकतामा राखि कर्जा लगानी गरिनेछ ।
- ऋणका नयाँ क्षेत्रहरु पहिचान गरी सुरक्षित कर्जा लगानी योजनालाई निरन्तरता दिईनेछ ।
- कर्जा लगानी प्रकृया छिटो छरितो बनाउदै, ऋणको सीमा बढाउँदै जाने योजनालाई निरन्तरता दिईनेछ । प्रकृया पुरा गरी आएको ऋणलाई २४ घण्टाभित्रमा प्रवाह गरिनेछ ।
- ऋणमा समय सापेक्ष प्रतिस्पर्धात्मक ब्याजदर कायम गरी विभिन्न कर्जा शिर्षकहरुमा कर्जा प्रवाह गरिनेछ ।
- भाखा नाघेको ऋणलाई ५ प्रतिशत भन्दा कम कायम गर्ने र उत्पादनमुलक क्षेत्रको ऋण लगानीमा प्राथमिकता दिईनेछ । भाखा नाघेका ऋणी सदस्यहरुलाई विभिन्न माध्यमबाट असुलीको लागि पर्याप्त समय प्रदान गरिनेछ, संस्थाले दिएको समय बेवास्ता गर्ने सदस्यहरुलाई कानुनी दायरामा ल्याई ऋण असुली गरिनेछ ।
- असल ऋणी सदस्यहरुलाई सहुलियत तथा सम्मान दिने कार्यलाई निरन्तरता दिईनेछ ।

## ४. आम्दानी नीति

- आ.व. २०७९/०८० मा कुल आम्दानी रु. २४,८६,९५,०००/- (चौबिस करोड छयासी लाख पन्चानब्बे हजार रुपैया मात्र) पुऱ्याउने लक्ष्य लिइएको छ ।

## ५. खर्च नीति

- नियमित र अत्यावश्यक खर्च बाहेक अन्य खर्चको शिर्षकमा मितव्ययिता अपनाईनेछ । आ.व. २०७९/०८० मा कुल खर्च रु. १६,२८,५९,५००/- (सोऱ्ह करोड अठाइस लाख उन्नसाठ्ठी हजार पाँच सय रुपैयाँ मात्र ।) मा सिमित राख्ने लक्ष्य लिइएको छ ।

## ६. सूचना प्रविधि नीति

- प्रविधिको उच्चतम प्रयोग गर्न संस्थाले विभिन्न एप्लिकेशन सफ्टवेयरहरुको जानकारी गराउन शिक्षा तथा तालिमको व्यवस्था मिलाउने छ ।
- संस्थाले प्रवाह गर्ने सेवा सुविधाहरुको बारेमा विभिन्न माध्यम बाट सुचित गरिनेछ । शेयर सदस्य महानुभावहरुको सेवालाई मध्यनजर गरी संस्थालाई आधुनिकीकरण गर्न Smart Tewa को अवधारणा अनुसार मोवाइल बैकिङ्ग सेवालाई थप व्यवस्थित बनाइनेछ ।
- प्रविधिको उच्चतम प्रयोग गर्न संस्थाले विभिन्न एप्लिकेशन सफ्टवेयरहरुको जानकारी गराउन शिक्षा तथा तालिमको व्यवस्था मिलाउने छ ।
- संस्थाबारे जानकारी दिन सामाजिक संञ्जालको प्रयोग गर्ने नीति लिइने छ ।

## ७. वेब साइट, विद्युतीय कारोबार, विद्युतीय सुरक्षा तथा प्रवर्द्धनात्मक नीति

- संस्थाको वेबसाइट अद्यावधिक गरिनेछ ।
- संस्था सँगको कारोबारको विवरणहरु सदस्यहरुलाई विद्युतीय माध्यमबाट सहज रुपमा प्रदान गरिनेछ । कारोबारको गोपनीयता र सुरक्षाका लागि थप व्यवस्था गरिनेछ ।
- संस्थाको पहिचान हुने भित्तेपात्रो र टेवल क्यालेण्डर प्रकाशन गरी शेयर सदस्यज्यूहरु,स्थानीय तथा सरोकारवाला निकायहरुमा वितरणलाई निरन्तरता दिईनेछ ।
- संस्थाको ख्याती वृद्धिका लागि संस्थाको नाम तथा लोगो अंकित क्याप, टिसर्ट आदि सामाग्री छपाई गरी शेयर सदस्य तथा कर्मचारीहरुलाई वितरण गर्ने योजना लिईएको छ ।

## ८. शिक्षा, तालिम, क्षमता अभिवृद्धि तथा सचेतना नीति

- संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति अन्य उपसमिति लगायत कार्यरत

कर्मचारीहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धि तथा सहकारी शिक्षा तथा तालिमहरुको आयोजना गरी सहभागी गराई सहकारी शिक्षामा जोड दिईनेछ ।

- सचेतनामूलक कार्यक्रमहरुको आयोजना गरिनेछ ।
- महिला सदस्यहरुको क्षमता अभिवृद्धि सम्वन्धी विशेष व्यवसायिक तालिम लगायत अन्य आवश्यक आयमूलक कार्यक्रमहरुको आयोजना गरिनेछ ।
- नेपालका उत्कृष्ट सहकारीहरुको गतिविधि तथा क्रियाकलापहरुको अध्ययन, अवलोकनको कार्यक्रमलाई निरन्तरता दिने योजना बनाईएको छ ।
- स्वास्थ्य, पोषण तथा जीवनशैली विकास जस्ता सदस्यहरुको क्षमता तथा नेतृत्व विकास सम्वन्धी कार्यक्रमहरुलाई आगामी दिनमा निरन्तरता दिईनेछ ।
- सहकारीको युवा शेयर सदस्यहरुलाई लक्षित गर्दै सहकारीको महत्व तथा चेतनामूलक कार्यक्रमको थालनी गरिनेछ ।

## ९. सामाजिक कार्य नीति

- जनचेतनामूलक बृहत सरसफाई तथा वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सदस्यहरुलाई लक्षित गरी कम्तिमा एक स्वास्थ्य शिबिर र एक रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ । साथै विभिन्न सामाजिक कार्यहरुलाई व्यवस्थित ढंगले कार्यान्वयन गर्ने नीति लिएका छौं ।

## १०. सम्मान नीति

- संस्थाका संस्थापक शेयर सदस्य, शेयर सदस्य, ज्येष्ठ शेयर सदस्य तथा अन्य विशिष्ट व्यक्तिहरुको सम्मान कार्यक्रमको आयोजना गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- संस्थाले विविध विधामा संस्थामा बचत तथा ऋण कारोबार गर्ने, शेयर सदस्यहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- संस्थाले दिएको जिम्मेवारी निष्ठाका साथ कार्यान्वयन गर्ने कर्मचारीहरुलाई सम्मान, पुरस्कृत तथा दण्ड गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

## ११. रेमिट्यान्स कारोबार नीति

- संस्थाबाट प्रदान गरिने रेमिट्यान्स सेवालाई थप प्रभावकारी र विस्तार गरिनेछ । हाल कायम रहेको विभिन्न रेमिट्यान्स कम्पनीहरुबाट लिईरहेको सेवामा थप गरी अन्य रेमिट्यान्स कम्पनीहरु मार्फत समेत कारोबार सम्झौता गरिनेछ । नियमित रुपमा रेमिट्यान्सको कारोबारमा सहभागी सेवाग्राहीहरुमध्ये छनौट गरी पुरस्कृत गरिनेछ ।

## १२ संस्थाको विनियम र आन्तरिक नीति,कार्यविधि तथा विनियमावली संशोधन नीति

- सहकारी ऐन र सहकारी नियमावली अनुसार संस्थाको विनियम आन्तरीक नीति नियम कार्यविधि, निर्देशिकाहरु निर्माण तथा संशोधन गरिने छ ।

## १३. ज्येष्ठ सदस्य नीति

- ज्येष्ठ शेयर सदस्यहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ । संस्थाको शेयर सदस्यता लिई ५ वर्ष पुरा भएका, ६९ वर्ष उमेर पुरा गरी ७० वर्ष लागेका ज्येष्ठ नागरीक सदस्यहरुलाई औषधी तथा उपचार खर्च वापत बार्षिक रु १००००/ (अक्षरेपी दश हजार रुपैया मात्र) उपलब्ध गराउँदै आएकोमा सो रकम वृद्धि गरी १५,०००/ (अक्षरेपी पन्ध्र हजार रुपैया) पुऱ्याइने नीति लिईएका छौं ।
- शेयर सदस्यहरु सँग ज्येष्ठ नागरिक कोष बचतमा दैनिक तीन रुपैया प्रतिदिनका दरले दान स्वरुप लिइने कार्यलाई निरन्तरता दिईएको छ ।

## १४. स्वास्थ्य नीति

- टेवा स्वास्थ्य हितकोष बचतमा दान स्वरुप शेयर सदस्यहरु सँग दैनिक तीन रुपैयाँ लिदै आएकोमा अब देखि दैनिक छ रुपैयाँ प्रति दिनका दरले दान स्वरुप लिइने नीति लिईएको छ ।
- यस संस्थाका शेयर सदस्यज्यूहरुलाई नेपाल सरकारले किटान गरेको दीर्घ रोग मध्ये निम्न अनुसारको रोग भएमा एक पटक रु. १५,००० अक्षरेपी पन्ध्र हजार रुपैया रकम उपलब्ध गराईनेछ । उक्त सुविधा लिन संस्थाको शेयर सदस्य रही स्वास्थ्य हितकोष बचतमा योगदान गरेको कम्तिामा पाँच वर्ष पुरा भएको हुनुपर्नेछ । संस्थाले उपलब्ध गराउने रकम स्वास्थ्य हितकोष मार्फत उपलबध गराईनेछ ।

  क. मुटु रोग - (खुल्ला मुटु शल्यक्रिया तथा मुटु भल्व प्रतिस्थापन वा मर्मत गर्नु परेको अवस्थामा ।

  ख. मृगौला (किड्नी) रोग - किड्नी प्रतिस्थापन र अन्तिम अवस्थाको किड्नी निस्क्रियता),

  ग. क्यान्सर (सबै प्रकृतिको क्यान्सर)

  घ. पक्षाघात (सबै प्रकृतिको पक्षाघात)

- यस संस्थाका शेयर सदस्य बिरामी हुँदा औषधी उपचार खर्च वापत ४०,०००।- तथा शेयर सदस्यको मृत्यु भएमा संस्कार खर्च वापत बढीमा ४०,०००।- उपलब्ध गराउँदै आएकोमा सो रकम वृद्धि गरी बढीमा ५०,०००।- पुऱ्याइने नीति लिईएको छ ।

## १५. बाल विकास नीति

- यस संस्थाका महिला शेयर सदस्य सुत्केरी भएको अवस्थामा पहिलो दुई सन्तानसम्म संस्थाले उपलब्ध गराउँदै आएको सुत्केरी पोषण तथा औषधी उपचार खर्च वापत रु.१५०००/(अक्षरेपी पन्ध्र हजार मात्र) दिईने कार्यलाई निरन्तरता दिईनेछ । साथै मुख हेराई अन्तर्गत बच्चाको मुख हेरी संस्थाको तर्फबाट १ थान भोटो, १ थान खुत्रुके तथा एक सय रुपैयाँ उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।
- नियमित रुपमा खुत्रुके बचत खातामा बचत गर्ने बाल बचतकर्ताहरुलाई जन्मदिनको अवसरमा केक उपहार दिईने कार्यलाई निरन्तरता दिइनेछ ।
- बाल बालिकाको वृत्ति विकासको लागि तालिम तथा अन्तरकृया कार्यक्रमको आयोजना गरिनेछ ।
- शेयर सदस्यहरु सँग बाल विकास हितकोष बचतमा दैनिक एक रुपैयाँ प्रतिदिनका दरले दान स्वरुप लिइने कार्यलाई निरन्तरता दिईएको छ ।

## १६. अन्तर सहकारी नीति

- राष्ट्रिय सहकारी सङ्घ, राष्ट्रिय सहकारी बैंक, जिल्ला सहकारी सङ्घ, विषयगत सङ्घ र सहकारी सङ्घ संस्था लगायत सरोकारवाला निकायहरुसँग थप सम्पर्क र समन्वय गरी सहकारी सेवाको लागि समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सहकारी दिवसका साथै अन्य सहकारी अन्तरकृया तथा छलफल कार्यक्रमहरुमा सकृय सहभागिता जनाइने छ ।

## १७. रणनैतिक योजनाहरु नीति

- सदस्यहरुलाई प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन रणनैतिक व्यवसायिक योजना तयार गरी अघि बढिनेछ ।

## १८. शेयर सदस्यज्यूहरुको सेवा सुविधा नीति

- यस संस्थाको सदस्यता लिई नियमित तोकिएको मासिक बचत नगर्ने, अन्य कुनै पनि आर्थिक

कारोबारमा सहभागी नहुने, संस्थाले संचालन गरेको स्वास्थ्य हितकोष बचत, ज्येष्ठ नागरीक कोष बचत र बाल विकास हितकोष बचतमा योगदान नगर्ने शेयर सदस्यहरुलाई नियमित योगदान र आर्थिक कारोबारमा सहभागी हुन प्रोत्साहन गर्ने नीति लिईएको छ ।

## १९. बाह्य ऋण तथा अनुदान लिने नीति

- संस्थाको आवश्यकता बमोजिम पर्ल्स वित्तिय प्रणालीको नीतिभित्र रहि बाह्य ऋण तथा अनुदान लिईनेछ ।

## २०. सम्पति खरिद नीति

- संस्थाको दैनिक प्रशासनिक कार्यहरु सुचारु ढंगले सञ्चालन गर्नका लागि संस्थाको आवश्यकतानुसार पूँजीगत खर्चको रुपमा सम्पत्ति खरिद, मर्मत एवं अनावश्यक तथा पत्रु भएमा बिक्रि गर्ने नीति लिईनेछ ।

## २१. विमा नीति

- संस्थाको चल अचल सम्पत्तिको विमा, कर्मचारीहरुको स्वास्थ्य विमा र मार्गस्थ नगद विमालाई निरन्तरता दिइने छ ।

## २२. कर्मचारी तर्फको नीति

- कर्मचारीको समय सापेक्ष क्षमता अभिवृद्धिका लागि तालिमहरुको आयोजना एवं सहभागी गराइनेछ ।
- संस्थाको वित्तिय अवस्थालाई मध्यनजर गरी कर्मचारीको सेवा सुविधामा वृद्धि गर्ने योजना रहेको छ ।
- कर्मचारीहरुका लागि सहकारी अध्ययन, अवलोकन तथा भ्रमणको आयोजना गरिनेछ ।
- आवश्यकता अनुसार कर्मचारी थप गरी सदस्यहरुको सेवा सुविधा वृद्धि गरिनेछ ।
- कार्यरत कर्मचारीहरुको मूल्याङ्कन गरी सोही अनुसारको जिम्मेवारी दिईनेछ ।
- कर्मचारी क्षमता विकास तालिमको लागि सहकारी शिक्षा कोषको रकम खर्च गरिनेछ ।

## २३. सम्पत्ति शुद्धीकरण ऐन कार्यान्वयन :

- यस संस्थाले सम्पत्ति शुद्धीकरण ऐनको पूर्ण पालना गर्दै सम्पर्क व्यक्ति, KYM Update र नियमित प्रतिवेदन पठाउने कार्यको निरन्तरता दिइने छ । साथै सदस्यहरुको विवरण अद्यावधिक गर्न सदस्य पहिचान फाराम भर्ने, सदस्य जोखिम वर्गिकरण गर्ने कार्य निरन्तर भईरहेको र निरन्तरता दिने नीति लिइनेछ ।

## आदरणीय शेयर सदस्य महानुभावहरू,

आजको यस सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रगति प्रतिवेदन एवम् वार्षिक नीति तथा कार्यक्रम, कोषाध्यक्षको प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन र स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन लगायतका प्रस्तुत प्रतिवेदन माथि छलफल गरी आगामी दिनमा गरिने कार्यक्रमका सम्बन्धमा थप अमूल्य सुझावको अपेक्षा गर्दछु ।

अन्त्यमा, आफ्नो अमूल्य समय दिएर यस साधारण सभाको शोभा बढाउनको लागि उपस्थित प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, शेयर सदस्य महानुभावहरु, सञ्चालक समितिका साथीहरु, लेखा सुपरिवेक्षण समितिका साथीहरु, सल्लाहकार महानुभावहरु, विभिन्न उपसमितिका साथीहरु, कर्मचारी वर्गहरुका साथै यस सभामा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै संस्थाका कोषाध्यक्षज्यूबाट आ.ब. २०७८/०७९ को आर्थिक प्रतिवेदन र आ.ब. २०७९।०८० को लागि अनुमानित बजेट प्रस्तुत गर्नुहुने नै छ उक्त प्रतिवदेन माथि यहाँहरुको अमूल्य सुझाव सहित संस्थाले तय गरेको कार्यक्रम तथा बजेटको सफल

कार्यान्वयनको लागि सहयोगको अपेक्षा गर्दै संस्था स्थापना कालदेखि संस्थाको विभिन्न पदमा रही प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने संस्थापक शेयर सदस्यहरुका साथै सम्पूर्ण सदस्य महानुभावहरुलाई धन्यवाद दिँदै आउँदै गरेको शुभ विजया दशमी, दीपावली, नेपाल सम्वत् ११४३ र छठ पर्व को हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै विदा हुन चाहन्छु ।

जय सहकारी ! जय टेवा !

**लब कुमार खड्का**
अध्यक्ष

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको

## १५ औं वार्षिक साधारण सभामा कोषाध्यक्ष श्री अर्जुन चौलागाई द्वारा प्रस्तुत
## आ. व. २०७८/७९ को आर्थिक प्रतिवेदन एवं आ.व.२०७९/८० को अनुमानित आय-व्यय विवरण

यस संस्थाको १५ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, सल्लाहकारज्यूहरु, संचालक समितिका पदाधिकारीज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजकज्यू र सदस्यज्यूहरु, विभिन्न उपसमितिका साथीहरु,सहकर्मी मित्रहरु, सदस्यको सेवामा कर्तब्यनिष्ठ भई काम गर्नुहुने कर्मचारी वर्गहरुका साथै यस गरिमामय सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

नेपालीहरुको महानपर्व विजयादशमी, शुभदीपावली, नेपाल सम्वत्-११४३, छठ पर्व लगायत सम्पूर्ण पर्वहरुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । हामी भर्खर मात्रै विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको मारबाट सामान्य अवस्थामा फर्केका छौं । महामारीको मार अझै पनि प्रत्यक्ष/ अप्रत्यक्ष रुपमा भोगिरहेको छौ । जनजीवन र बजार सामान्य हुँदै गएता पनि आर्थिक वर्षको प्रथम त्रैमासिक देखि देखिएको तरलता संकटका कारण बैंक तथा वित्तिय संस्थाले बचत निक्षेप तथा ऋण लगानीमा केही समस्या देखिएको छ । यस महामारीले निम्त्याएको आर्थिक संकट, देशमा देखिएको तरलता अभावका बावजुद पनि यस टेवा बहुउद्देश्यीय सहकारी संस्थाले वित्तिय कारोवार सञ्चालन एवम् वित्तिय आवश्यकता परिपूर्ति गर्दै अगाडि बढिरहेको छ । संस्था दिन प्रतिदिन आर्थिक तथा सामाजिक रुपमा सक्षम हुँदै गएको र लक्ष्य अनुरुप उद्देश्यहरु प्राप्त गर्दै अगाडि बढिरहेको यस गरिमामय सभामा जानकारी गराउन पाउँदा गौरवान्वित भएको महशुस गरेको छु । समय परिवर्तन सँगै वित्तिय संस्था भित्र नयाँ-नयाँ जोखिम सृजना हुन सक्दछ । वित्तिय संस्था भित्रका जोखिमलाई सन्तुलन मिलाउँदै शेयर सदस्यहरुको शेयर तथा बचतलाई सुरक्षित गर्न सक्नु नै सफल वित्तिय संस्थाको चुनौती हुन्छ ।

संस्थाले १५ औं वर्ष पार गरिसकेको यस अवस्थामा संस्थाको आर्थिक गतिविधिको यथार्थ चित्रण यहाँहरु समक्ष पेश गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ । आर्थिक रुपमा हाम्रो संस्थाले आ.व. २०७८/०७९ का लागि लिएको लक्ष्यहरु अन्तर्गत समग्र देशकै आर्थिक संकटका बावजुद वित्तिय लक्ष्यहरुमा उत्साहपूर्ण प्रगती गर्न सफल भएको छ । आ.व. २०७८/०७९ को आषाढ मसान्तसम्म आईपुग्दा संस्थाको कुल कारोवार १ अर्ब ४२ करोड ६९ लाख ३५ हजार ५ सय ९८ रुपैयाँ ७७ पैसा पुगेको कुरा यहाँहरु समक्ष जानकारी गराउँदछु । हाम्रो संस्थालाई सफलताको उचाई सम्म पुऱ्याउन प्रत्यक्ष अप्रत्यक्ष रुपमा महत्वपूर्ण योगदान गर्नुहुने सल्लाहकारज्यूहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा अन्य उपसमितिका पदाधिकारीज्यूहरु, आदरणीय शेयर सदस्य महानुभावहरु, व्यवस्थापनमा संलग्न कर्मचारीहरु र संस्थाको प्रगतिको लागि रचनात्मक सुझावहरु प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु साथै भविष्यमा पनि संस्थाको प्रगति र विकासका लागि उल्लेखनीय महत्वपूर्ण सल्लाह सुझावहरुको अपेक्षा गर्दछु ।

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

संस्थाले सदस्यहरुलाई प्रमुख प्राथमिकतामा राखि सेवा प्रदान गर्दै आईरहेको छ । कोभिड १९, आर्थिक मन्दी र वित्तिय बजारमा देखिएको तरलता संकटको तेहोरो मारका बीच वित्तिय कारोवारमा देखा परेको समस्यालाई समाधान गरी हामी अघि बढ्दै आई रहेका छौं । संस्थालाई सबल, दिगो र स्वस्थ बनाउनका लागि सम्पूर्ण सदस्यहरुलाई संस्थाबाट वित्तिय कारोवार नियमित रुपमा गर्नका लागि अनुरोध गर्दछु ।

विभिन्न उकाली ओरालिका बावजुद संस्थाका सक्रिय शेयर सदस्यहरु, सल्लाहकारज्यूहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीहरु, कुशल कर्मचारीहरुको सहभागिताका साथै संस्थाप्रति सधैं चासो राख्दै संस्थालाई उपयुक्त सल्लाहहरु प्रदान गर्नुहुने महानुभावहरुको सहयोगले संस्था आर्थिक रुपमा अझ सबल र सक्षम बन्दै गएको र निरन्तर नाफा कमाउँदै आएको छ । यसै सन्दर्भमा गत आर्थिक वर्षमा के कति आर्थिक उपलब्धि हासिल भए र आगामी आर्थिक बर्षमा के कति उपलब्धि हासिल गर्न सकिन्छ भन्ने सम्बन्धमा छलफलका लागि आर्थिक प्रतिवेदन यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १. शेयर पूँजी

आर्थिक वर्ष २०७७/०७८ मा शेयर पूँजी रु. १८ करोड ७४ लाख ८१ हजार ६ सय रहेकोमा आ.व. २०७८/०७९ मा सो रकममा ३१.३६ प्रतिशतले वृद्धि भई कुल शेयर पूँजी रु. २४ करोड ६२ लाख ७७ हजार पुगेको छ ।

## २. कूल सम्पति /दायित्व

आर्थिक वर्ष २०७७/०७८ मा कुल पूँजी तथा दायित्व र सम्पति रु.१ अर्ब ३६ करोड ३९ लाख ५८ हजार ७ सय ०४ रुपैयाँ ०२ पैसा रहेकोमा चालु आ.व.२०७८/०७९ मा सो रकममा ४.६२ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ४२ करोड ६९ लाख ३५ हजार ५ सय ९८ रुपैयाँ ७६ पैसा पुगेको छ ।

## ३. कूल निक्षेप

आर्थिक वर्ष २०७७/०७८ मा कुल निक्षेप रु.१ अर्ब ०३ करोड ५३ लाख ९७ हजार ५ रुपैयाँ २९ पैसा रहेकोमा चालु आ.व.२०७८/०७९ मा सो रकममा ६.३१ प्रतिशतले कमि भई रु. ९७ करोड १३ हजार ५ सय ९५ रुपैयाँ ९५ पैसा पुगेको छ ।

## ४. ऋण लगानी

आर्थिक वर्ष २०७७/०७८ मा ऋण लगानी रु. ७७ करोड ६१ लाख ५३ हजार ९ सय २ रुपैयाँ ४६ पैसा रहेकोमा चालु आ.व.२०७८/०७९ मा सो रकममा ४४.०६ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ११ करोड ८१ लाख २२ हजार ३ सय ३ रुपैयाँ ९८ पैसा पुगेको छ ।

## ५. आम्दानी तर्फ

आर्थिक वर्ष २०७७/०७८ मा खुद आम्दानी रु. १४ करोड ४७ लाख ९६ हजार ११ रुपैयाँ ५४ पैसा रहेकोमा चालु आ.व.२०७८/०७९ मा रु. १७ करोड ६३ लाख ३६ हजार ६ सय ६६ रुपैयाँ ४६ पैसा भएको छ ।

## ६. खर्च तर्फ

आर्थिक वर्ष २०७७/०७८ मा कुल खर्च रु. ९ करोड २१ लाख ४१ हजार ३९ रुपैयाँ रहेकोमा चालु आ.व.२०७८/०७९ मा रु. १० करोड ५९ लाख ९९ हजार ९ सय ५६ रुपैयाँ १६ पैसा भएको छ ।

## ७. स्थिर सम्पति

आर्थिक वर्ष २०७७/०७८ मा स्थिर सम्पति रु. २ करोड ८७ लाख २७ हजार ४ सय ५९ रुपैयाँ २७ पैसा रहेकोमा चालु आ.व.२०७८/०७९ मा रु. २ करोड ७८ लाख ६ हजार ६ सय ४३ रुपैयाँ ८ पैसा पुगेको छ ।

## ८. बैङ्क तथा नगद हिसाब

संस्था संचालनको लागि तरलता व्यवस्थापन गर्नुपर्ने भएकोले आ.ब. २०७८/०७९ आषाढ मसान्तमा बैंक तथा नगद मौज्दात १४ करोड ४ लाख ६० हजार ४ सय ६१ रुपैयाँ ४१ पैसा रहेको थियो ।

## ९. आयकर व्यवस्था

सहकारीले आर्थिक वर्ष २०७७/०७८ मा सम्पूर्ण कारोबार पछिको खुद मुनाफा रकम बाट रु. ४७ लाख ५४ हजार ३ सय २८ रुपैयाँ २७ पैसा आयकर दाखिला गरेकोमा चालु आ.व.२०७८/०७९ मा रु. ६८ लाख ६१ हजार २ सय १ रुपैयाँ ९७ पैसा दाखिला गरेको छ ।

## ब्याजदर सम्बन्धमा :

बाह्य वित्तिय बजारसँग प्रतिस्पर्धा गर्नुपर्ने तथा समय समयमा हुने वित्तिय बजारको उतार चढावलाई मध्यनजर गर्दै संस्थाले यस बर्ष बचत तथा ऋणमा समय सापेक्ष ब्याजदर परिर्वतन गरिएको छ । हाल संस्थामा निम्न बचत तथा ऋणमा निम्न अनुसारको ब्याजदर निर्धारण गरिएको छ ।

१) मुद्दती निक्षेपमा प्रदान गरीने व्याजदर :

| अवधि | मासिक | त्रैमासिक | अर्धवार्षिक | बार्षिक | एकमुष्ठ |
|---|---|---|---|---|---|
| १ बर्ष | १२% | १२.२५% | १२.५०% | - | १३% |
| २ वर्ष | १२.५०% | १२.७५% | १३% | १३.२५% | १३.७५% |
| ३ बर्ष | १२.७५% | १३% | १३.५०% | १३.७५% | १४.२५% |

क. टेवा प्रिमियम मुद्दती निक्षेपमा १३.५०% ब्याजदर प्रदान गरिने छ ।

ख. १०० दिने मुद्दती निक्षेपमा ११.७५% ब्याजदर प्रदान गरिने छ ।

२) क्रमिक बचतमा प्रदान गरीने व्याजदर :

| अवधि | व्याजदर |
|---|---|
| ३ महिना | ७% |
| ६ महिना | ८% |
| ९ महिना | ९% |
| १ बर्ष | १०% |
| २ बर्ष | ११% |
| ३ बर्ष | १२% |

३) टेवा सुपर बचतमा प्रदान गरीने व्याजदर :

| मौज्दात रकम | व्याजदर |
|---|---|
| रु १० हजार माथि रु ५ लाख सम्म | ८.५०% |
| रु ५ लाख १ देखि रु २५ लाख सम्म | ९% |
| रु २५ लाख १ देखि माथी | ९.५०% |

४) अनिवार्य (नियमित) बचतमा १०% ब्याजदर प्रदान गरिने छ ।

५) साधारण बचत मा ९% ब्याजदर प्रदान गरिने छ ।

६) शेयर डिपोजिट बचत योजनामा बार्षिक ९% का दरले ब्याज प्रदान गरिने छ ।

७) बाल बचत (खुत्रुके बचत) मा बार्षिक १०% का दरले ब्याज प्रदान गरिने छ ।

८) नारी बचत खातामा बार्षिक १०% का दरले ब्याज प्रदान गरिने छ ।

९) घरभाडा बचत योजनामा बार्षिक ९% का दरले ब्याज प्रदान गरिने छ ।

१०) रेमिटान्स बचत योजनामा बार्षिक ९.५०% का दरले ब्याज प्रदान गरिने छ ।

११) टेवा कर्पोरेट सेभिङ योजनामा बार्षिक ८.५०% का दरले ब्याज प्रदान गरिने छ ।

१२) जेष्ठ नागरिक बचत योजनामा बार्षिक १२% का दरले ब्याज प्रदान गरिने छ ।

१३) कर्मचारी हितकोष बचत योजनामा बार्षिक १२% का दरले ब्याज प्रदान गरिने छ ।

१४) जेष्ठ नागरिक तथा एकल महिला खातामा प्रदान गरिने ब्याजदर :

| मौज्दात रकम | दशै खर्च | मासिक ब्याज |
|---|---|---|
| रु १ लाख | रु १५००।- | रु ९००।- |
| रु २ लाख | रु ३०००।- | रु १८००।- |
| रु ३ लाख | रु ६०००।- | रु २६००।- |
| रु ४ लाख | रु ९०००।- | रु ३४००।- |
| रु ५ लाख | रु १२०००।- | रु ४२००।- |

१३ कर्जा प्रवाह योजनामा निम्नानुसारको ब्याजदर लागु हुनेछ ।

| क.सं | कर्जा शीर्षक | ब्याजदर |
|---|---|---|
| १ | लघुबित्त कर्जा (सामुहिक जमानीमा) | १६% |
| २ | मुद्दती रसिद धितो कर्जा (आबधिक बचत धितो कर्जा) | थप २% |
| | (रकमको ९०% सम्म कर्जा प्रदान गर्न सकिने) | थप २% |
| ३ | सहुलियत कर्जा | १५% |
| ४ | कृषि कर्जा | १५% |
| ५ | व्यबसायिक कर्जा | १६% |
| ६ | भवन निर्माण कर्जा | १६% |
| ७ | महिला सामुहिक जमानी कर्जा | १६% |
| ८ | हायर पर्चेज कर्जा | १६% |
| ९ | सामाजिक कर्जा | १६% |
| १० | आपतकालिन /उपचार कर्जा | १६% |
| ११ | धितो कर्जा | १६% |
| १२ | सुविधा कर्जा | १६% |

अब म गत आ.ब. २०७७।०७८ तथा आ.व २०७८।०७९ को वित्तिय झलक प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

| शीर्षक | आ.व.२०७७।०७८ | आ.व.२०७८।०७९ |
|---|---|---|
| शेयर पूँजी | १८,७४,८१,६००।०० | २४,६२,७७,०००।०० |
| जगेडा कोष तथा अन्य कोष | ९,१५,४०,८८६।०९ | १२,९९,४८,९२७।०२ |
| विविध कोष | ५५,३२,१७७।०४ | ५७,४६,८४४।९९ |
| बाह्य ऋण | ०।०० | ३,००,००,०००।०० |
| निक्षेप (डिपोजिट) | १०३,५३,९७,००५।२९ | ९७,००,१३,५९५।९५ |
| अन्य दायित्व तथा व्यवस्था | ४,४०,०७,०४१।६० | ४,४९,४९,२३०।८१ |
| **जम्मा** | **१,३६,३९,५८,७०४।०२** | **१,४२,६९,३५,५९८।७६** |
| नगद मौज्दात बैंक तथा मौज्दात | २४,०१,६५,२०१।८० | १४,०४,६०,४६१।४१ |
| ऋण लगानी | ७७,६१,५३,९०२।४६ | १,११,८१,२२,३०३।९८ |
| स्थिर सम्पत्ति | २,८७,२७,४५९।२७ | २,७८,०६,६४३।०८ |
| अन्य सम्पत्ति | ७२,३७,९२९।८३ | ८८,३१,२२७।१३ |
| लगानी | ३१,१६,७४,२१०।६६ | १३,१७,१४,९६३।१६ |
| **जम्मा** | **१,३६,३९,५८,७०४।०२** | **१,४२,६९,३५,५९८।७६** |

**नोटः** *मूल विषयको विस्तृत विवरण लेखा परिक्षकको अनुसूचीबाट देखिने भएकोले सो सम्बन्धमा लेखा परिक्षकको प्रतिवेदनमा सम्लग्न भएको अनुसूची अध्ययन गर्नुहुन अनुरोध गर्दछु ।*

## आदरणीय शेयर सदस्य महानुभावहरू,

आर्थिक वर्ष २०७९।०८० मा संस्थाले अवलम्बन गर्ने नीति तथा कार्यक्रमहरुको विवरण अध्यक्षज्यूको प्रतिवेदनमा पेश भएको व्यहोरा अनुरोध गर्दै आ.व. २०७८/०७९ को आय-व्यय विवरणलाई अध्ययन गरी तयार पारिएको आ.ब. २०७९/०८० को प्रस्तावित बजेट तथा वित्तिय आँकडा सहितको अनुमानित प्रस्ताव यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमती चाहन्छु ।

| शिर्षक | आ.व. २०७८।७९ को यथार्थ | आ.व. २०७९।०८० को प्रस्तावित |
|---|---|---|
| नगद | ४३,६९,३०३।९३ | ६०,००,०००।०० |
| बैक मौज्दात | १३,६०,९१,१५७।४८ | १८,००,००,०००।०० |
| कर्जा लगानी | १,११,८१,२२,३०३।९८ | १,४१,७५,००,०००।०० |
| स्थिर सम्पत्ति | २,७८,०६,६४३।०८ | ७,००,००,०००।०० |
| अन्य सम्पत्ति | ८८,३१,२२७।१३ | १,३०,००,०००।०० |
| शेयर तथा आवधिक लगानी | १३,१७,१४,९६३।१६ | १५,००,००,०००।०० |
| **जम्मा सम्पत्ति** | **१,४२,६९,३५,५९८।७७** | **१,८३,६५,००,०००।००** |
| | | |
| शेयर पूँजी | २४,६२,७७,०००।०० | २८,००,००,०००।०० |

| | | |
|---|---|---|
| जगेडा तथा अन्य कोषहरु | १२,९९,४८,९२७।०२ | १६,५०,००,०००।०० |
| विविध कोषहरु | ५७,४६,८४४।९९ | ६०,००,०००।०० |
| बाह्य ऋण सहकारी बैंक | ३,००,००,०००।०० | २,८०,००,०००।०० |
| बचत निक्षेप | ९७,००,१३,५९५।९५ | १,३०,२५,००,०००।०० |
| अन्य दायित्व | ४,४९,४९,२३०।८१ | ५,५०,००,०००।०० |
| **जम्मा पूँजी तथा दायित्व** | **१,४२,६९,३५,५९८।७७** | **१,८३,६५,००,०००।००** |
| | | |
| ब्याज आम्दानी | १४,३९,८७,५३२।६६ | २२,००,००,०००।०० |
| बैक ब्याज आम्दानी | २,३६,५७,९४९।११ | २,४६,००,०००।०० |
| निक्षेपमा ब्याज खर्च | (९,२९,३९,३६९।९३) | (१३,४१,५७,५००।००) |
| बाह्रय ऋण ब्याज राष्ट्रिय सहकारी बैंक | (२,६६,२१९।१८) | (४१,००,०००।००) |
| हर्जाना | ४८,८२,६१६।४५ | ० |
| **खुद ब्याज आम्दानी** | ७,९३,२२,५०९।११ | १०,६३,४२,५००।०० |
| **अन्य आम्दानीका स्रोत** | | |
| प्रवेश शुल्क | ३६,८००।०० | ५०,०००।०० |
| कर्जा आवेदन शुल्क | ६५,९००।०० | १,००,०००।०० |
| रेमिट आम्दानी | २,७४,७५४।४५ | ४,००,०००।०० |
| खाता बन्द शुल्क | १८,२००।०० | ० |
| घर भाडा आम्दानी | १०,५६,०००।०० | १२,००,०००।०० |
| चेक कलेक्सन चार्ज | १०,०७५।०० | १५,०००।०० |
| ई सेवा सर्भिस आम्दानी | ३,०४५।८० | ५,०००।०० |
| गणेशमान स्वास्थ्य साकोस आम्दानी | २५,०००।०० | २५,०००।०० |
| स्मार्ट बैंकिङ्ग आम्दानी | ५१,९६२।४३ | १,००,०००।०० |
| निर्वाचन आम्दानी | १५,५००।०० | ० |
| विविध आम्दानी | ३,११,९६६।०० | २,००,०००।०० |
| **जम्मा आम्दानीका स्रोत** | १८,६९,२०३।६८ | २०,९५,०००।०० |
| **जम्मा आम्दानी** | ८,११,९१,७१२।७९ | १०,८४,३७,५००।०० |
| | | |
| **कर्मचारी खर्च** | | |
| कर्मचारी तलब खर्च | ३९,१७,१२९।३९ | ५३,००,०००।०० |
| कर्मचारी दशैं खर्च | २,३४,११४।७० | ३,५०,०००।०० |
| कर्मचारी बिमा खर्च | ३१,५४०।०० | ५०,०००।०० |

| | | |
|---|---|---|
| कर्मचारी उपदान व्यवस्था खर्च | २,१४,६७३।९५ | ३,००,०००।०० |
| ओभर टाईम खर्च | ० | ५०,०००।०० |
| कर्मचारी पोषाक खर्च | १,५४,०००।०० | २,००,०००।०० |
| कर्मचारी वृत्ति विकास खर्च | ४९,०००।०० | ६०,०००।०० |
| जम्मा कर्मचारी खर्च | ४६,००,४५८।०४ | ६३,१०,०००।०० |
| | | |
| **प्रशासनिक खर्च** | | |
| स्थिर सम्पत्तिमा बिमा खर्च, राजश्व खर्च, विमा प्रिमियम खर्च | २,१३,६१०।५५ | २,५०,०००।०० |
| सुरक्षा खर्च | ७,११,९००।०० | ८,००,०००।०० |
| समवेदना खर्च | १५,६९०।०० | ० |
| ढुवानी/भाडा खर्च | ० | ५०,०००।०० |
| प्रविधि तथा ईन्टरनेट खर्च | १,१५,८०३।४८ | २,५०,०००।०० |
| सदस्यता विस्तार तथा घरदैलो कार्यक्रम खर्च | ० | १,००,०००।०० |
| मसलन्द तथा छपाई खर्च | २,२८,३८८।७९ | ३,००,०००।०० |
| पत्र पत्रिका खर्च | ३,२००।०० | १५,०००।०० |
| शुभकामना तथा संस्था प्रवर्द्धन खर्च | ९४,५००।०० | २,००,०००।०० |
| क्यालेण्डर छपाई खर्च | १,५५,४८८।०० | २,५०,०००।०० |
| सदस्यता नविकरण शुल्क/बैंक कमिशन तथा चार्ज खर्च | ४,९७४।०० | २०,०००।०० |
| अन्तराष्ट्रिय सहकारी दिवस खर्च | ० | २०,०००।०० |
| सहकारी दिवस खर्च | १२,७५०।०० | २०,०००।०० |
| ज्याला खर्च | ० | ५०,०००।०० |
| सफ्टवेयर खर्च | ९०,५४०।१२ | २,००,०००।०० |
| भ्रमण खर्च | ० | १,००,०००।०० |
| विद्युत महशुल खर्च | १,८०,२७७।०० | २,४०,०००।०० |
| टेलिफोन खर्च | ३३,८५०।०० | ७५,०००।०० |
| मालपोत खर्च | २६,४००।०० | ५०,०००।०० |
| क्लोजिङ्ग खर्च | १,१५०।०० | ३०,०००।०० |
| एस.एम.एस खर्च | ० | ५०,०००।०० |
| कर्मचारी आवश्यकता विज्ञापन खर्च | ० | ५०,०००।०० |

| | | |
|---|---|---|
| ईन्धन खर्च | १६,७२०।०० | १,००,०००।०० |
| पिउने पानी खर्च | २१,६००।०० | ६०,०००।०० |
| वृक्षारोपण तथा वातावरण खर्च | ३०,६००।०० | २,००,०००।०० |
| चेक कलेक्सन खर्च | ११,७१०।०० | ३०,०००।०० |
| परामर्श खर्च | ० | ३,००,०००।०० |
| स्मार्ट बैकिङ्ग खर्च | ४८,३३५।७५ | १,००,०००।०० |
| अध्ययन, अवलोकन, क्षमता अभिवृद्धि, भ्रमण खर्च | ० | ४,००,०००।०० |
| कार्यालय सरसफाई खर्च | २२,८४०।०० | १,००,०००।०० |
| केवल च्यानल खर्च | १,०००।०० | ७,०००।०० |
| कार्यालय अतिथि तथा अभ्यागत खर्च | ३,७८,९०१।०० | ४,००,०००।०० |
| बाल बचत योजना खर्च | १,४३,१४०।०० | २,००,०००।०० |
| रंगरोगन खर्च | ० | ३,००,०००।०० |
| रक्तदान, स्वास्थ्य परिक्षण तथा जनचेतना खर्च | ४३,२७७।४६ | २,००,०००।०० |
| दशै शुभकामना तथा चियापान खर्च | ० | ५०,०००।०० |
| ग्याँस रिफिल खर्च | १५,९२५।०० | ३०,०००।०० |
| दिपावली तथा पुजा खर्च | ६३,३३२।६० | १,००,०००।०० |
| सुरक्षा तथा एण्टी भाईरस खर्च | २१,२३०।०० | २,००,०००।०० |
| होर्डिङ बोर्ड खर्च | ० | १,००,०००।०० |
| अफिस फ्लोरिङ्ग खर्च | ० | १,००,०००।०० |
| महिला सिप विकास तालिम खर्च | ० | १,००,०००।०० |
| टोनर रिफिल खर्च | २२,८५०।०० | ७५,०००।०० |
| नखप्ने सामान खर्च | ५९,३०३।५० | १,००,०००।०० |
| कर्जा प्रकृयागत खर्च | २,२९,०००।०० | ५,००,०००।०० |
| स्थिर सम्पतिमा मर्मत खर्च | १,३४,१९४।८४ | ५,००,०००।०० |
| भवन मर्मत तथा संभार खर्च | १,४९,४५७।६१ | २,००,०००।०० |
| वेब साईट अद्यावधिक खर्च | ० | १,००,०००।०० |
| भैपरी खर्च | ० | २०,०००।०० |
| संचालक समिति तथा लेखा सुपरिवेक्षण समिति बैठक भत्ता खर्च | ३,०२,०००।०० | १०,००,०००।०० |
| बैठक खर्च | ६०,७९३।०० | १,००,०००।०० |

| | | |
|---|---|---|
| उप समिति बैठक भत्ता खर्च | ५३,१००।०० | २,५०,०००।०० |
| वार्षिकोत्सव खर्च | ४३,००१।६५ | १,००,०००।०० |
| लेखा परिक्षण शुल्क | १,५०,०००।०० | १,५०,०००।०० |
| आन्तरीक लेखा परिक्षण/अभिलेख व्यवस्थापन र सहकारी व्यवस्थापन खर्च | ० | १,५०,०००।०० |
| साधारण सभा खर्च | १९,११,७८०।१५ | ३०,००,०००।०० |
| सम्मान खर्च (शेयर सदस्य तथा ज्येष्ठ नागरिक) | ९,९७,००५।९१ | २,००,०००।०० |
| कर्जा निरीक्षण तथा ताकेता खर्च | १,६००।०० | २,००,०००।०० |
| कोभिड-१९ खर्च | ९,६८०।२० | १,००,०००।०० |
| विविध खर्च | १३,१५६।०० | ५०,०००।०० |
| निर्वाचन खर्च | १,०२,६७०।०० | ० |
| **जम्मा प्रशासनिक खर्च तथा कर्मचारी खर्च** | **१,१५,४७,१८४।६५** | **१,९३,०२,०००।००** |
| ह्रास कट्टी खर्च | ११,४७,८१०।२९ | १३,००,०००।०० |
| **जम्मा खर्च** | **१,२६,९४,९९४।९४** | **२,०६,०२,०००।००** |
| ऋण नोक्सानी व्यवस्था | ९९,३७२।११ | ४०,००,०००।०० |
| कर अघिको नाफा | ६,८३,९७,३४५।७४ | ८,३८,३५,५००।०० |
| **आयकर व्यवस्था** | **६८,३९,७३४।५७** | **८३,८३,५५०।००** |
| **समायोजन उपदान खर्चको** | **२१,४६७४०** | **३०,०००।००** |
| **कुल आयकर व्यवस्था** | **६८,६१,२०१।९७** | **८४,१३,५५०।००** |
| लगानीबाट लाभांश आय | १९,३९,३६४।५६ | २०,००,०००।०० |
| बाँडफाँड हिसाबमा सारेको नाफा | ६,३४,७५,५०८।३३ | ७,७४,२१,९५०।०० |
| सदस्य संख्या | ३,९६९।०० | ५,०००।०० |

अन्त्यमा, संस्थाले सदस्यहरुलाई प्रभावकारी, नवीनतम् तथा उपलब्धिमूलक सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दै यस संस्थाको विभिन्न तहमा रही संस्थाको उन्नति र प्रगतिपथमा योगदान गर्नुहुने सम्पूर्ण सहकर्मी साथीहरु, कर्मचारी वर्ग र हाम्रो आदरणीय शेयरसदस्य तथा बालबचत कर्ताहरुमा हृदयदेखि धन्यवाद दिँदै मेरो भनाइलाई यही अन्त्य गर्दै विदा हुन चाहन्छु ।

जय सहकारी ! जय टेवा

**अर्जुन चौलागाईं**
कोषाध्यक्ष

# टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

टेवा चोक, हात्तीबन ललितपुरको

लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन

शेयर सदस्यज्युहरु,
टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,
ल.पु.म.न.पा.-२३, टेवाचोक, हात्तीवन, ललितपुर ।
पन्ध्रौं वार्षिक साधारण सभा

**आदरणीय सदस्य महानुभावहरू,**

टेवा बहुउद्देश्यीय सहकारी संस्थाको चौधौं वार्षिक साधारण सभाबाट लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी दिई हामीलाई सर्वसम्मत निर्वाचित गराईदिनु भएकोमा सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक आभार तथा धन्यवाद टक्र्याउन चाहन्छौं ।

प्रदेश सहकारी ऐन २०७६ को दफा ४४ बमोजिम गठन भई सोही ऐनको दफा ४५ ले निर्दिष्ट गरेको काम, कर्तव्य तथा अधिकार बमोजिम प्रत्येक चौमासिक रुपमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण, निरिक्षण तथा अनुगमन गरी सो को प्रतिवेदन उपर सञ्चालक समिति सँग बुँदागत रुपमा छलफल गरिएको व्यहोरा जानकारी गराउँदै उक्त प्रतिवेदनमा सुझाईएका कतिपय विषयहरु सञ्चालक समिति बाट सम्भव भए सम्म तत्काल कार्यान्वयनको निर्देशन दिईएको र कतिपय विषयहरु कार्यान्वयनको चरणमा रहेको व्यहोरा अनुरोध गर्दछौं । अझै केही विषयहरु पनि छन् जसलाई यस सम्मानित साधारण सभाले घनिभूत रुपमा छलफल गरी सञ्चालक समितिलाई निर्देशित गर्नुपर्ने छ ।

लेखा सुपरिवेक्षण समितिले औंल्याएका यस्ता विषयहरु समेटिएको यस आ.ब. २०७८/०७९ को वार्षिक प्रतिवेदन लिएर यहाँहरु समक्ष उपस्थित भएका छौं ।

हामीले हाम्रो यस संस्थाले गरेका लगानीहरु उपर अध्ययन गर्दा, गरीएका लगानीहरुमा लिईएको धितो बन्धकीको अवस्था, ऋण लगानीमा गरिएका कागजी प्रक्रियाहरु, धितो मूल्याङ्कन कर्ताको प्रतिवेदन र सम्बन्धित ऋणीले देखाउनु भएको आर्थिक पारदर्शिता समेतको अध्ययन गर्यौं । जसमा असार मसान्त सम्ममा वर्ष भरी पाकेको ब्याज मध्ये १.५० प्रतिशत ब्याज उठ्नबाँकी देखिन्छ अन्यथा अरु ऋणको कारोवार पारदर्शि देखिन्छ ।

तरलता व्यवस्थापनका लागि सञ्चालक समितिले निश्चित प्रतिशतको रकम सदैव संस्था सँग रहने गरी व्यवस्थापन गरेको हामीले पाएका छौं र तोकिएको प्रतिशतलाई कायम राख्नका लागि सुझाव समेत दिएका छौं ।

यसरी तरलता व्यवस्थापन गर्न र अधिक भन्दा अधिक ऋण लगानी गरी संस्थाको साख उच्च राख्दै शेयर सदस्य ज्यूहरुलाई अधिक मुनाफा वितरण गर्नु दोहोरो चुनौती सञ्चालक समिति सामु देखिन्छ । यसो हुनका लागि निक्षेप रकमको वृद्धि नै एकमात्र उपाय हुन जान्छ । तसर्थ निक्षेप वृद्धिका नयाँ कार्यक्रमहरु बनाई लागु गर्नुहुन सुझाव दिन चाहन्छौं साथै सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा आफ्नो सम्पुर्ण बचत कारोवार संस्था मार्फत गर्नुहुन र यहाँहरुले कबुल गरेको मासिक बचत रकम समयमानै गर्नुहुन हार्दिक अनुरोध गर्न चाहन्छौं ।

यस वर्ष संस्थाको प्रशासनिक संरचनामा केहि बजार प्रतिनिधिहरु थप गरिएका हामीले पाएका छौं तर उहाँहरु लगायत सम्पुर्ण कर्मचारीहरुलाई उत्प्रेरणात्मक (Motivational) र आफ्नो जिम्मेवारी सँग सम्बन्धित तालिमहरुको आवश्यकता हामीले देखेका छौं ।

यस आर्थिक वर्षका लागि संस्थाले राखेका लक्ष्यहरु केहि पुर्ण भएका छन् भने कतिपय लक्ष्य प्राप्तिका लागि अझै ठोस योजनाका साथ मेहनत गर्नुपर्ने देखिएको छ ।

## १. अघिल्लो साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था :-

सम्पूर्ण आदरणीय शेयर सदस्यज्यूहरुमा चौधौं (१४औं) वार्षिक साधारण सभामा पेश भई पारित भएका अध्यक्ष ज्यूको प्रतिवेदन, कोषाध्यक्षज्यूको आर्थिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन र लेखासुपरिवेक्षण समितिको प्रतिवेदनहरु मध्ये देहायका विषयहरु कार्यान्वयन भएको वा नभएको पाईयो ।

- शेयर सदस्य संख्याको लक्ष्य १३४.५०% प्राप्त भएको पाइयो ।
- कर्जा लगानीको लागि लिइएको लक्ष्य ८५.३५% प्राप्त गरिएको छ ।
- निक्षेप डिपोजिटको लागि लिइएको लक्ष्य ७५.५५% प्राप्त भएको छ ।
- शेयर पूँजीको लागि लिइएको लक्ष्य ९८.५१% प्राप्त भएको छ ।
- नाफाको लागि लिइएको लक्ष्य १०८.५६% प्राप्त भएको छ ।
- घरदैलो सेवा कार्यक्रम पहिलेकै रुपमा निरन्तरता दिईएको हामीले पाएका छौं ।
- भाखा नाघेको कर्जाको हकमा छुट्याउनुपर्ने १%, ३५%, र १००% सबै रकमहरु नियमानुसार छुट्याईएको हामीले पाएका छौं ।

## २. आर्थिक वर्ष २०७८/०७९ मा बसेको वैठक संख्या र निर्णय कार्यान्वयनको अवस्था :

| क्र.स. | बिवरण | बैठक संख्या |
|---|---|---|
| १ | संचालक समिति | २३ |
| २ | लेखा सुपरीवेक्षण समिति | ७ |
| ३ | संचालक र लेखा सुपरीवेक्षण समिति | ५ |
| ४ | संचालक, लेखा सुपरीवेक्षण र अन्य उप-समितिहरु | १ |
| ५ | शिक्षा उप-समिति | १ |
| ६ | ऋण उप-समिति | १८ |
| ७ | महिला उप-समिति | २ |
| ८ | स्वास्थ्य हितकोष उप-समिति | ७ |
| ९ | सामाजिक परिचालन उप-समिति | ४ |
| १० | ज्येष्ठ नागरिक कोष उप-समिति | १ |
| ११ | विविध (खरीद उप-समिति, साधारण सभा व्यबस्थापन र पदपूर्ति) | १० |

## ३. ऋण लगानीको प्रकृया, ऋण वापतको सुरक्षण वा धितो सम्वन्धी व्यवस्था :-

संस्थाले ऋण लगानीका लागि निम्न प्रकृयाहरु अवलम्वन गर्दै आएको छ ।

३.१. संस्थाको निर्धारित ढाँचाको निवेदन माग गरेको पाईएको छ ।

३.२. ऋण माग गर्ने सदस्यहरु मध्ये कतिपय सदस्यको आम्दानीको स्रोत र व्यवसाय दर्ता प्रमाणपत्र नभएको अवस्थामा समेत ऋण प्रवाह गरिएको छ, यसका लागि व्यवसायिक ऋण र गैर व्यवसायिक ऋण वर्गिकरण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

३.३. रु. १० लाख सम्मको ऋण माग भएमा ऋण उप समितिबाट निर्णय भई सञ्चालक समितिबाट अनुमोदन गर्ने गरिएका छ । यसका लागि दर्तावाल मूल्याङ्कनकर्ता बाट मूल्याङ्कन गरिएको छैन ।

३.४. रु. २५ लाख सम्म ऋण माग भएमा ऋण उप समितिबाट निर्णय भई दर्तावाल मूल्याङ्कनकर्ताको मूल्याङ्कनको आधारमा सञ्चालक समितिबाट अनुमोदन गर्ने गरिएको छ ।

३.५. रु. २५ लाख भन्दा माथिको ऋण रकम माग भएमा ऋण उप-समितिबाट सिफारिस भई दर्तावाल मूल्याङ्कनकर्ताको मूल्याङ्कनको आधारमा सञ्चालक समितिको निर्णयबाट लगानी गर्ने गरिएको पाईएको छ ।

३.६. लघुवित्त कर्जाको हकमा समेत ऋण उप-समितिको सिफारिसमा संचालक समितिले अनुमोदन गरेको पाईएको छ ।

३.७. साँवा तथा ब्याज असुलउपर गर्नका लागि पत्राचार लगायतका प्रकृया समयमा नै पूरा गर्नुहुन सुझाव दिन्छौं ।

४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्वन्धी विवरण :-

४.१. बाग्मती प्रदेश भूमी व्यवस्था तथा सहकारी मन्त्रालय द्वारा जारी सहकारी संघ / संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७ को परिच्छेद (२) दफा ४ को (३) अनुसार "यो मापदण्ड जारी हुनु अघि दर्ता भएका बहुउद्देश्यीय सहकारी संस्थाले एक भन्दा बढी विषयको काम गर्नु पर्नेछ, कुनै एउटा विषयको मात्र कारोवार गरेको भए यो मापदण्ड लागु भएको २ वर्ष भित्र प्रकृती परिवर्तन गर्नुपर्ने छ" भनी उल्लेख भएकोले हाम्रो संस्थाले पनि बचत तथा ऋणको मात्र कारोवार गर्दै आएकोले सो सम्बन्धमा कसरी अगाडि बढ्ने हो यस विषयमा छलफल गरी निर्णय लिनुहुन सम्पूर्ण शेयर सदस्य ज्यूहरुमा समेत अनुरोध गर्दछौं ।

४.२. नेपाल सरकार भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागको मिति २०७९ साल असार १ गतेको पत्रानुसार नेपाल सरकारको COPOMIS प्रणालीमा सबै सदस्यहरुको प्रविष्टि पश्चात मात्रै कर चुक्ता प्रमाण पत्र प्रदान गर्ने विषय उल्लेख गरि एको सो सम्बन्धमा हाम्रो संस्थाको COPOMIS दाखिला पूरा भईनसकेको तर कर चुक्ता प्रमाण पत्र लिनु अगावै सो कार्य सम्पन्न गर्ने प्रतिवद्धता सञ्चालक समितिबाट प्राप्त भएको छ । साथै मिति २०७९ साल भाद्र १५ गते नेपाल सरकार भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको पत्रानुसार सहकारी संस्थाले सदस्यको धितो बन्धक राख्ने वा त्यस्तो धितो बन्धक रोक्का तथा फुकुवा गर्ने प्रयोजनका लागि भूमिसुधार तथा मालपोत कार्यालयमा अन्य कागजात तथा प्रमाणका अतिरिक्त COPOMIS प्रणालीमा संस्थाको विवरण प्रविष्टि गरेको प्रमाण समेत पेश गरेपछि मात्र धितो बन्धक रोक्का तथा फुकुवा सम्बन्धी काम कारवाही अघि बढाउने व्यवस्था गरेको हुनाले सो को बारेमा समेत ध्यानाकर्षण गराउँन चाहन्छौं ।

४.३. सहकारी संघ/संस्था दर्ता, संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७ को दफा (२२) को उपदफा (८) बमोजिम संस्थाले आफ्नो सदस्यको शेयर प्रमाणपत्र धितो जमानी राखी कर्जा प्रवाह गर्न पाउने छैन । भन्ने व्यवस्था गरेको हुनाले सो सम्बन्धमा समेत विचार विमर्श गरी निर्णय लिनुहुन सुझाव दिन्छौं ।

५. सहकारी विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु :-

५.१. यस आर्थिक वर्षमा संस्थामा कुनै विभाग वा संघहरु बाट अनुगमन, निर्देशनहरु नभएको व्यहोरा अनुरोध गर्दछौं ।

६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :-

६.१. पारिश्रमिकः- कुनै पदाधिकारीले नलिएको ।

६.२. बैठक भत्ताः- संचालक र लेखा समितिले १ पटकमा रू. १००० र अन्य उप समितिले १ पटकमा रू. ९०० मा नेपाल सरकारको नियम अनुसार करकट्टी गरी बाँकी बैठक भत्ता लिने व्यवस्था छ। तर २०७९ साउन २ गतेको सञ्चालक समितिको बैठकको निर्णयानुसार सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिले १ पटकमा रु. ३,०००/- र अन्य उप-समितिले रु. १,८००/- मा नेपाल सरकारको नियमानुसार करकट्टी गरी बाँकी बैठक भत्ता लिने व्यवस्था गरिएको छ ।

६.३. अन्य सुविधाः- संस्थाका पदाधिकारीहरुले कुनै पनि अन्य सुविधा लिएको पाईएन ।

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था :-

७.१. साधारण सभाबाट कर्मचारी प्रशासन नियमावली भएको ।

७.२. नियमावली अधिकतम प्रयोगमा ल्याईएको ।

७.३. भर्ना प्रकृया पारदर्शि र प्रतिस्पर्धी भएको ।

७.४. यस आर्थिक वर्षमा व्यवस्थापनबाट कर्मचारी कार्य सम्पादन मूल्याङ्कन गरिएको पाइएको छ यसको निरन्तरताको अपेक्षा गरेका छौं र आगामी दिनमा संचालक समितिबाट यसैका आधार मा कर्मचारीहरुको क्षमता पहिचान गरी जिम्मेवारी तोक्ने तथा उत्कृष्ट कर्मचारी छनौट को आधार तयार हुने विश्वास लिएका छौं ।

७.५. व्यवस्थापनको तर्फबाट संचालकलाई पेश गर्नुपर्ने वार्षिक योजना, बचत तथा शेयर वृद्धिका कार्यक्रमहरु, संस्थाको सामाजिक ख्यातिको अवस्था र वृद्धि गर्ने उपायहरुलाई समितिबाट छलफल भई बजेटमा समावेश भएको छ ।

७.६. कर्मचारीको भर्ना प्रकृया र संख्या :

५.६.१ : करार - ७ जना

५.६.२ : अस्थायी - १ जना

५.६.३ : स्थायी - ८ जना

८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिईएको प्रतिवेदन बमोजिमका सुझावहरु कार्यान्वयनको अवस्था :

८.१. संस्थाका आदरणीय शेयर सदस्यहरु जसले बचत तथा ऋणको कारोबार कम गर्नु भएको छ, संस्थाको ज्येष्ठ नागरिक बचत खाता कोषमा सहभागिता जनाउनु भएको छैन, संस्थाको बारेमा अझ बढी बुझ्नु पर्ने छ आदि जस्ता विषयको बारेमा पत्ता लगाउन र संस्था प्रति आत्मियता बढाउन संचालक समितिले आफ्ना उप-समितिहरु परिचालन गरी उहाँहरुसँग सम्वाद कार्यक्रम संचालन गर्नुहुन सुझाव दिन्छौं ।

८.२. महिला उप-समिति, शिक्षा उप-समिति, ज्येष्ठ नागरिक उप-समिति तथा सामाजिक परिचालन उप-समितिले बनाएका कार्यक्रमहरु अनुकूलता हेरी संचालन गर्नुहुन सुझाव दिन्छौं ।

९. लेखा सुपरिवेक्षण समितिको सुझावहरु :

- संस्थाले प्रवाह गर्ने ऋण रकममा नियमानुसार संस्थाले तोकेको एक सदस्यले पाउने रकम कै दायरा भित्र रहेर लगानी गरिएता पनि एकै परिवार भित्रका सदस्यहरुमा गरीने लगानीको लागि समेत सिमा निर्धारण गर्नुपर्ने आवश्यकता हामीले देखेका छौं सो विषयमा छलफल गर्नुहुन सुझाव दिन्छौं ।

- संस्थाले ऋण लगानी गर्दा धितो राखेको घर, जग्गाहरु मालपोत कार्यालयमा संस्थाद्वारा गरिएका रोक्काको अवस्था बारे समय समयमा मालपोत कार्यालयमा गई बुझबुझारथ तथा संस्थाद्वारा गरिएका ऋण लगानीको सदुपयोग भए नभएको अनुगमन गर्नका लागी ऋण अनुगमन उप-समिति गठन गर्नुहुन सुझाव दिन्छौं । अथवा ऋण उप-समिति मार्फत नै सो निगरानी व्यवस्था मिलाउनु हुन सुझाव दिन्छौं ।

अन्त्यमा, लेखा सुपरिवेक्षण समितिको यो प्रतिवेदन माथि छलफल गरी पारित गरिदिनुहुन सम्पुर्ण सदस्य महानुभावहरुमा आग्रह गर्दछौं । साथै आफ्नो अमूल्य समय दिएर यस साधारण सभाको शोभा बढाउनको लागि उपस्थित प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, सदस्य महानुभावहरु, संचालक समितिका साथीहरु, सल्लाहकार महानुभावहरु, विभिन्न उप-समितिका पदाधिकारीहरु, सहकर्मी मित्रहरु, सञ्चारकर्मी साथीहरु, कर्मचारीवर्गहरुका साथै यस सभामा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै हाल आएर घर, परिवार, समाजमा डेंगुको प्रकोपले महामारीको रुप लिन सक्ने देखिएकोले हालको अवस्थामा आवश्यक स्वास्थ्य सावधानी अपनाउनु भई आफू र आफ्ना परिवार सहित सुरक्षित रहनुहुन आग्रह गर्दै नेपालीहरुको घर आँगन माझ आँउदै गरेको शुभ विजया दशमी, दीपावली, नेपाल सम्वत् ११४३ र छठ पर्व को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै विदा हुन चाहन्छु । यहाँहरुको साथ र सहयोगको लागि धन्यवाद ।

जय सहकारी ! जय टेवा !
मिति :२०७९ असोज ८ गते शनिवार ।
लेखा सुपरिवेक्षण समिति

| संयोजक | सदस्य | सदस्य |
|---|---|---|
| श्याम सुन्दर लामिछाने | दिलिप खत्री | विमला ढुङ्गेल रिजाल |

S. ACHARYA & ASSOCIATES
Chartered Accountants
PAN No: 103766562

Putalisadak, Kathmandu
Tel: +977-9851198461, 9845549279
E-mail: sacharyaassociates@gmail.com

## टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरू समक्ष
## स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

### १. कैफियत सहितको राय

हामीले टेवा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ललितपुर महानगरपालिका २३ टेवाचोक हात्तिवन ललितपुर (यस पछि संस्था भनिएको) को यसै साथ संलग्न २०७९ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको कार्य सञ्चालन विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, रायमा संलग्न वित्तीय विवरणहरुले संस्थाको २०७९ आषाढ मसान्तको वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानूनका अधिनमा रही यथार्थ चित्रण गर्दछ ।

संस्थाले वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुप वित्तीय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासा गरी तयार गर्नुपर्नेमा सो बमोजिम तयार गरीएका छैनन् । वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्ने भएकाले नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुपको वित्तिय विवरण उपर राय दिन हामी असमर्थ छौं ।

### २. कैफियत सहितको रायका आधारहरु

१) साना तथा मझौला निकाय बाहेकका निकायलाई लागु हुने वित्तीय प्रतिवेदनको ढाँचा साविकको नेपाल लेखामानबाट २०७३ श्रावण १ देखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन भएको छ । संस्थाको यस आ.व..को विश्वासयोग्य क्षमताको आधारमा जम्मा गरेको बचत तथा ऋण दायित्वको कुल जोड रु. पचास करोडभन्दा बढी भएकाले संस्थाले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार पार्नुपर्नेमा वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुप तयार गरीएको छैन । सो व्यवस्था अनुरुप नयाँ लेखानीतिहरुका आधारमा वित्तीय सुचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासा आबश्यक पर्दछ । नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ ।

२) संरक्षित पूंजी फिर्ता सम्बन्धमा निस्चित कार्य विधि वनाई सहकारी ऐन को दफा ६९ र सहकारी नियमावली २०७५ को दफा द्दछ अनुसार बार्षिक रुपमा सदस्यहरुलाई वाड्नु पर्नेमा आ.व. २०७७।२०७८ को संरक्षित पुजी फिर्ता कोष वितरण गर्दा सदस्यलाई शेयर लगानीको ४.८६ प्रतिशत वितरण गरेको पाईयो । सदस्यहरुलाई शेयर कारोवारको आधारमा समानुपतिक ढंगले बाडेको पाईयो । साधारण सभाले गरेको निर्णय नै उक्त रकम वितरण गर्ने निर्णय भएता पनि उक्त निर्णय सहकारी नियमावली अनुसार नहुने देखिन्छ ।

३) कर्मचारी बोनस बोनस ऐन अन्तर्गत नभई सहकारी ऐन, २०५८ अनुसार गरेको पाईयो ।

४) ह्रास कट्टी आयकर ऐन २०५८ अनुसार गरेको पाईयो ।

५) सम्पत्ति सुद्धिकरण नियमावलीका सबै नियमहरुपालना नगरेको पाइयो ।

६) संस्थाको विनियम को दफा ३६ र आर्थिक प्रशासन नियमावली को नियम ३ को व्यवस्था विपरीत विभिन्न सहकारी संस्थामा सहकारीको खाता खोलि यस आर्थिक वर्षमा पनि कारोवार संचालन गरेको पाइयो ।

हामीले हाम्रो लेखापरिक्षण नेपाल लेखापरिक्षणमान बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्थाले लेखापरिक्षकको निम्ति जारी गरेको आचार संहिता बमोजिम हामी यस संस्थाबाट स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामीले हाम्रो आचारणगत जिम्मेवारी पुरा गरेका छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

## ३. लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु

यस अवधिको संस्थाको वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो व्यवसायिक निर्णयका आधारमा लेखापरिक्षणमा सवैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु हुन । यी विषयहरु वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरीएको थियो र हामी यी विषयमा छुट्टै राय प्रदान गर्दैनौ । हामीले तल वर्णन गरीएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरुका रुपमा निर्धारण गरेका छौं ।

| सि.नं. | लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु | लेखापरिक्षकको प्रतिक्रिया |
|---|---|---|
| १. | सुचना प्रविधि सामान्य नियन्त्रण<br>कारोवारको लेखांकन र विभिन्न नियमनकारी निकायको निर्देशनको अनुपालनाका लागि आवश्यक पर्ने बिभिन्न प्रतिवेदनहरुको उत्पादनहरुको विश्वसनीयता सुचना प्रविधि, सफ्टवेयर र अन्य सम्बद्ध प्रणालीको प्रभावकारीतामा भर पर्दछ ।<br>सुचना प्रविधि माथिको नियन्त्रण तथा प्रमाणिकरणमा भएका त्रुटीहरु, गलत तथ्याङ्को प्रविष्टी तथा गलत तथ्याङ्कको गलत उत्पादनले व्यवस्थापन, शेयरधनी र नियामकहरुलाई गलत प्रतिवेदन पेश हुनसक्ने भएकाले हामीले यसलाई प्रमुख लेखापरिक्षण विषयको रुपमा लिएका छौ । | संस्थाको सुचना प्रविधि प्रणाली सम्बन्धमा हाम्रो लेखापरिक्षण पद्दति देहायबमोजिम रहेको छः<br>• संस्थाद्वारा प्रयोग गरिएको सफ्टवेयरको सञ्चालन प्रणालीबारे बुझ्यौं ।<br>• संस्थामा रहेको हाल अवस्थित सुचना प्रविधि प्रणालीमा तथ्याङ्कको प्रविष्टि र बित्तीय बिबरणहरुको उत्पादन प्रक्रियाबारे बुझ्यौं ।<br>• संस्थाको नीति नियममा कुनै पनि परिवर्तन भएको अवस्थामा प्रयोगकर्ताले प्रयोग गर्ने सुचना प्रविधिको उपयोगको तरिका तथा अन्य विवरण समेत परिवर्तन भएको सुनिश्चित गर्यौ ।<br>• प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमुना कारोबारको आधारमा विश्लेषण गर्यौं । हामीले ऋण लगानीमा व्याज बापतको आय र सदस्यको बचतमा व्याज वापतको खर्चको गणना नमुना छनौट गरी सोको आधारमा सफ्टवेयरबाट हुने गणनाको जाँच तथा विश्लेषण गर्यौं ।<br>• संस्थाले आफ्नो सुचना प्रविधि प्रणालीको निश्चित समयावधिमा परिक्षण गरेको पाईएन ।<br>• संस्थाद्वारा हामीलाई उपलब्ध गराईएको सुचना प्रविधि प्रणालीमा हामीले विश्वास गरी हाम्रो लेखापरिक्षण सम्पन्न गर्यौं । |

## ४ वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बाहेकका अन्य सुचनाहरु

अन्य सुचनाहरुको जिम्मेवारी व्यबस्थापनमा रहेको छ । अन्य सुचनाहरुमा व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समिति तथा अध्यक्षको प्रतिवेदन पर्दछ जसमा वित्तीय विवरण तथा लेखापरीक्षण प्रतिवेदन पर्दैन । यस्ता सुचनाहरु हामिलाई लेखापरीक्षण प्रतिवेदन जारी भएपश्चात मात्र प्राप्त हुन्छन् ।

वित्तीय विवरणमा हाम्रो रायले अन्य जानकारीलाई समावेश गर्दैन र हामी यसमा कुनै पनि प्रकारको राय व्यक्त गर्दैनौं । वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, माथी उल्लेख गरिएका अन्य जानकारीहरु उपलब्ध हुँदा अध्ययन गर्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा अन्य जानकारीहरु वित्तीय विवरण वा लेखापरीक्षणका बखत प्राप्त

भएको हाम्रो ज्ञान वा सारभुत रुपमा गलत व्याख्या भएका छन् कि छैन्न भनी विचार गर्नुपर्दछ । हामीलाई उपलब्ध त्यस्ता जानकारीमा कुनै सारभुत गलत व्याख्या छन् भने, हामीले सो कुरा शासनसँग जिम्मेवारहरुलाई जानकारी गराउन आवश्यक छ ।

**५. वित्तीय विवरणप्रति व्यबस्थापन तथा शासनसँग जिम्मेवारको जिम्मेवारी**

